# राजनीतिक प्रतिवेदन

## [२०६८ बैशाख १३-१५ सम्म राष्ट्रिय जनमोर्चाको दोस्रो राष्ट्रिय सम्मेलनमा पार्टीका अध्यक्ष का. चित्रबहादुर के.सी.द्वारा प्रस्तुत राजनीतिक प्रतिवेदन]

अध्यक्ष मण्डल,

राष्ट्रिय जनमोर्चाको दोस्रो राष्ट्रिय सम्मेलनमा उपस्थित हुनुभएका सम्पूर्ण प्रतिनिधि, पर्यवेक्षक, स्वयंसेवक तथा दर्शक कमरेडहरू, सबैलाई सर्वप्रथम राष्ट्रिय जनमोर्चा केन्द्रीय संगठन समितिको तर्फबाट हार्दिक अभिवादन गर्दछौं । राष्ट्रको स्वाधीनता तथा जनताको मुक्तिका लागि विगत राणाकालिन जहाँनिया शासन, पंचायती निरंकुश शासन तथा बहुदलीय शासन कालका विभिन्न संघर्षहरू तथा ०६२/६३ को महान् जनआन्दोलनका दौरानमा शहादत प्राप्त सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

राष्ट्रिय जनमोर्चाको प्रथम राष्ट्रिय सम्मेलन २०५६ साल कार्तिक २८, २९ र ३० गते बुटवलमा सम्पन्न भएको थियो । अहिले हामी झण्डै साढे एघार वर्षपछि दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न गर्न गइरहेका छौं । यो साढे एघार वर्षको अन्तरालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिमा कैयौं परिवर्तनहरू भएका छन् । नयाँ सन्दर्भमा हाम्रा नीतिहरूलाई पनि आवश्यकतानुसार परिवर्तन गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता छ । यो एक दशक लामो अवधिमा सामन्ती राजतन्त्रात्मक अधिनायकवादी शासनको अन्त भई देशमा लोकतान्त्रिक गणतन्त्र कायम भएको छ । तर अहिले पनि देशमा गणतन्त्रको सुदृढीकरण, राष्ट्रियताको रक्षा र संघीयताको विरोध जस्ता सर्वाधिक प्राथमिक महत्वका विषयहरू हाम्रा अगाडि छन् । गणतन्त्र स्थापना भए पनि कतै प्रमुख राजनीतिक दलहरूकै सत्तालिप्साका कारणले प्राप्त उपलब्धिहरू गुम्ने हुन कि भन्ने आशंका अहिले पनि कायम छ । माथि उल्लेखित ती उद्देश्यहरू प्राप्तिका निम्ति अहिले हाम्रो सम्पूर्ण आन्दोलन केन्द्रित भएको छ । त्यसैले यो सम्मेलनको मूल नारा “गणतन्त्र र राष्ट्रियताको रक्षा गरौं, संघीयताको विरोध गरौं !” भन्ने रहेको छ ।

राष्ट्रिय जनमोर्चा देशका सम्पूर्ण मजदुर, किसान, विद्यार्थी, युवक, महिला, दलित, जनजाति, मुस्लिम, मधेशी, व्यापारी, शिक्षक, बुद्धिजीवी, अपाङ्ग, पिछडिएका वर्ग लगायत सम्पूर्ण उत्पीडित वर्ग, पेशागत समुह तथा देशभक्त, जनतान्त्रिक, प्रगतिशील तथा वामपन्थी शक्तिहरूको साझा संगठन हो । देशमा लामो समयदेखि कायम रहेको अर्धसामन्ती तथा अर्धऔपनिवेशिक आर्थिक, सामाजिक, राजनैतिक तथा सांस्कृतिक संरचनामा आमूल परिवर्तन गरी एउटा समुन्नत, समृद्ध तथा सचेत समाज निर्माण गर्नु, वैदेशिक हस्तक्षेपको अन्त गरी एउटा स्वाधीन राष्ट्र निर्माण गर्नु र देशमा सबै प्रकारका सामन्ती तथा साम्राज्यवादी र विस्तारवादी शोषण, उत्पीडनको अन्त गरी न्यायपूर्ण तथा समतामूलक समाज निर्माण गर्नु यसको उद्देश्य हो । आफ्नो घोषित उद्देश्यहरूको परिपूर्तिका लागि २०५२ सालमा आफ्नो स्थापनाकालदेखि प्रतिक्रियावादी सामन्ती केन्द्रिकृत राजतन्त्रात्मक व्यवस्थाका विरूद्ध संघर्ष गर्दै तथा विभिन्न खाले अवसरवादका विरूद्ध विचारधारात्मक रूपले सैद्धान्तिक संघर्ष गर्दै हाम्रो पार्टी देशको राजनीतिमा एउटा जिम्मेवारपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । आफ्नो स्थापनाकालदेखि नै हाम्रो पार्टीले जनताको जनतन्त्र, जनजीविका तथा राष्ट्रियताका पक्षमा सडक तथा सदनमा संघर्ष गर्दै आएको छ । विभिन्न क्षेत्रमा रहेका संगठित, असंगठित प्रगतिशील, देशभक्त, जनतान्त्रिक तथा वामपन्थी शक्तिहरूलाई एकजुट पार्दै शान्तिपूर्ण संघर्षलाई अगाडि बढाउनु पर्ने अवाश्यकता छ ।

**तात्कालिक राजनीतिक परिस्थिति-** देशमा लामो समयदेखि राजतन्त्रका विरूद्ध संघर्ष चल्दै आयो । अन्ततः २०६२/०६३ को १९ दिने महान जनआन्दोलनको परिणामस्वरूप संविधानसभाको चुनाव भयो र त्यसले राजतन्त्रको अन्त्य गरेर गणतन्त्रको स्थापना गऱ्यो । नेपाली जनताले राजतन्त्रको अन्त र संविधानसभाको निर्वाचनद्वारा संविधान बनाउनका लागि विगत ६ दशकदेखि वैधानिक तथा अवैधानिक संघर्ष गर्दै आए । अन्ततः २०६२/६३ मा त्यो आन्दोलन सफल भयो । ०६४ चैत्रमा सम्पन्न संविधानसभाको निर्वाचनबाट सबै राजनीतिक दल, महिला, दलित, मधेशी, जनजाति, मुस्लिम, पिछडिएको क्षेत्र समेतको प्रतिनिधित्व भएको प्रत्यक्ष तथा समानुपातिक निर्वाचन प्रणालीबाट संविधानसभाको निर्माण भयो । अन्तरिम संविधानमा संघीयतालाई समावेश गरेर संविधानसभालाई त्यो सीमाभित्र रहेर संविधानको निर्माण गर्ने परिस्थितिको सिर्जना गरियो । त्यसरी सातदलीय गठबन्धन तथा माओवादीहरूद्वारा संविधानसभाको सार्वभौम अधिकार कुण्ठित गरियो । तैपनि नेपालको कम्युनिस्ट तथा प्रजातान्त्रिक आन्दोलनमा यो एउटा ऐतिहासिक उपलब्धि हो । देशमा करिब २४० वर्षदेखि कायम रहेको सामन्ती राजतन्त्रको अन्त हुनु नेपाली जनताको लागि एक स्तरको विजय हो । देशमा अझै पूँजीवादी प्रजातान्त्रिक क्रान्ति सफल भएको छैन । त्यसको लागि अर्धसामन्ती र अर्धऔपनिवेशिक व्यवस्थाको अन्त्य आवश्यक हुनेछ । तैपनि देशमा कायम भएको गणतन्त्रको प्रगतिशील र ऐतिहासिक महत्व छ । त्यसकारण अहिले जनताले लामो कालदेखि बलिदानीपूर्ण संघर्ष गरेर प्राप्त गरेको गणतन्त्रलाई संस्थागत गर्नु नै महत्वपूर्ण कार्य हो । त्यसका लागि तोकिएको समयमा संविधान निर्माण गर्नु आवश्यक छ । दुई वर्षको अवधिमा संविधान निर्माण नभएपछि एक वर्ष म्याद थपियो । तर थपिएको एक वर्षमा पनि संविधान निर्माणको कार्य अनिश्चित बन्दै गएको छ । संविधान निर्माणको सन्दर्भमा

अर्को पक्ष यो छ कि जनताले ०६२/६३ को आन्दोलनमा राजतन्त्रको अन्त र गणतन्त्रको स्थापना तथा शान्ति स्थापना चाहेका थिए। यी तीन वटा कुरा मध्ये राजतन्त्रको अन्त र गणतन्त्रको स्थापना गर्ने काम सम्पन्न भयो तर संस्थागत गर्न बाँकी छ। शान्ति प्रक्रिया अझै टुंगोमा पुग्न सकेको छैन। अहिलेसम्म माओवादी लडाकुहरूको व्यवस्थापन र सर्वसाधारण जनताका कब्जा गरिएका घर जग्गा फिर्ता गर्ने कार्य बाँकी छन्। थपिएको अवधि ०६८ जेठ १४ सम्म पनि संविधान निर्माण नभएपछि के गर्ने ? म्याद पुन: थप्ने वा नथप्ने भन्ने विषयमा कुनै निर्णय भएको छैन। राजावादीहरू समेतले संविधानसभा भंग गर्ने र नयाँ जनादेशका लागि जनतामा जानुपर्ने कुरा उठाएका छन्। सत्ताधारी समेतका पार्टीहरू संविधान नबन्दासम्म संविधानसभा भंग गर्न नहुने कुरा गरिरहेका छन्। पहिलो प्रकारको विचारले अहिलेसम्मको उपलब्धि गुम्ने स्थिति निम्त्याउने वा प्रतिगमनतिर लैजाने स्थिति सिर्जना हुने आशंका पैदा गर्छ भने दोस्रो प्रकारको विचारले संविधान निर्माण नगरे पनि संविधानसभा रहिरहने हुँदा संविधान निर्माणलाई अनिश्चितता तर्फ धकेल्ने आशंका उत्पन्न गर्दछ। यो जटिल स्थितिको बीचमा हामीले सही नीति निर्धारित गर्ने प्रयत्न गर्नु पर्दछ। ठूला राजनीतिक दलहरू बीच सहमति कायम गर्दै जेष्ठ १४ सम्म संविधान निर्माण गर्ने वा कम से कम त्यसका लागि आधार तयार पार्ने काम गर्नुपर्छ। अहिलको यो अवस्थामा हामीले संविधानसभाको म्याद बारे कुनै निर्णय गर्नु सान्दर्भिक हुने छैन। यसबारे राजनीतिक शक्तिहरूले अपनाउने नीति र राजनीतिक घटनाक्रम अनुसार हामीले आफ्नो नीति निश्चित गर्दै जाने छौं। संविधानसभामा कुनै प्रस्ताव आएमा त्यसको औचित्यताबारे विचार गरेर पार्टीले ठोस निर्णय गर्नुपर्दछ। संविधान निर्माण गर्ने सवालमा आन्दोलनरत दलहरू बीच आपसी सहमति, सहकार्य र एकताको अभाव, उनीहरू बीच सत्ता प्राप्तिको छिनाझप्टी तथा संविधान निर्माणको प्रश्नमा उठेका राज्य पुनर्संरचनासित सम्बन्धित संघीयता र त्यो सित जोडिएका जातीय राज्य, आत्मनिर्णयको अधिकार, बहुराष्ट्रवाद, जातीय अग्राधिकार जस्ता विवादहरूले पनि दलहरूलाई सहमतिमा पुग्न बाधा पुऱ्याइरहेको छ। अर्कोतिर ठूला राजनीतिक दलहरूको भूमिका, मुख्यत: माओवादीको भूमिकाले गर्दा पनि संविधान निर्माणमा बाधा पुगिरहेको छ। त्यसका साथै एमालेको अवसरवादी भूमिकाले पनि काफि हदसम्म असर पुऱ्याएको छ। खास गरेर साढे सात महिनासम्म राष्ट्रिय सहमतिको सरकार बनाउने नाममा त्यसले प्र.म. निर्वाचनमा मतदान प्रक्रियामा तटस्थ बस्नु आदिले गर्दा संविधान निर्माण प्रक्रियामा काफि क्षति पुऱ्यायो। हाम्रो पार्टीले शुरूदेखि नै शान्ति र संविधानसभाको सवालमा दलहरू बीच विशेषत: माओवादी, कांग्रेस र एमाले बीच सहमति कायम हुनु पर्नेमा जोड दिंदै आएको छ।

शान्ति प्रक्रियालाई अगाडि बढाउने सन्दर्भमा माओवादी लडाकुहरूको सेनामा सामुहिक समायोजन गर्ने कुरा उठिरहेको छ। लडाकुहरूलाई सेनामा सामुहिक समायोजन गर्ने कुरालाई हामी अस्वीकार गर्दै आएका छौं। यसरी लडाकुहरूलाई सेनामा सामुहिक समायोजन गर्ने हो भने प्रथम, सेनाको व्यवसायीकरणको स्वरूप बदलिने छ। द्वितीय, माओवादी लडाकुहरू सेनामा सामुहिक समायोजन गरे पछि अन्य सशस्त्र गुटका लडाकुहरूको पनि सेनामा सामुहिक समायोजन गर्नु पर्ने माग बढ्ने छ। हाम्रो मत यो रहेको छ कि त्यसप्रकारका लडाकुहरूलाई अन्य तरिकाद्वारा व्यवस्थापन वा पुनर्स्थापना गर्ने नीति अपनाउनु पर्दछ। व्यक्तिगत रूपमा उनीहरू मध्ये कोही सेनामा भर्ना हुन चाहेमा सैनिक मापदण्ड अनुसार योग्यता पुगेकालाई भर्ना गर्ने नीति अपनाउनु पर्दछ। तर राष्ट्रिय सेनामा सामुहिकरूपमा समायोजन गरिनु हुँदैन।

संविधान निर्माण कार्यमा सामान्य विषयहरूमा धेरै कुरामा सहमति कायम हुँदै आएको छ तापनि संविधान निर्माणका कतिपय गम्भीर प्रश्नहरू राज्यको पुनर्संरचना, शासकीय स्वरूप, निर्वाचन प्रणाली जस्ता प्रश्नहरूमा सहमति कायम हुन सकिरहेको छैन। सरकार निर्माणको प्रश्नमा पनि सहमति कायम हुन नसके बहुमतीय प्रणालीमा गएर भए पनि सरकार निर्माण गर्ने तर शान्ति र संविधानको प्रश्नमा सत्ता पक्ष वा प्रतिपक्ष सहमति कायम गरेर जानु पर्नेमा हाम्रो पार्टीले जोड दिंदै आएको छ। तर प्रमुख राजनीतिक दलहरूको संविधान निर्माणको अधिकांश समय सत्ताको लुछाचुँडीमा बित्ने गरेको छ। अहिले झलनाथ खनालको नेतृत्वमा बनेको सरकारले पनि आपसी विवादका कारण अहिलेसम्म पूर्णता पाउन सकेन। सरकारको स्थिरता विना संविधान निर्माण हुन सक्ने देखिदैन। सरकारको अस्थिरता कै कारण शान्ति प्रक्रियासित जोडिएका दुईवटा विधेयकहरू सत्यनिरूपण तथा मेलमिलाप आयोग सम्बन्धी विधेयक र अर्को व्यक्ति वेपत्ता पार्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित हुन सकेका छैनन्। सशस्त्रद्वन्द्वमा निर्दोष जनताको हत्या गर्ने राज्य पक्ष वा विद्रोही पक्ष जो भए पनि मानवता विरूद्धको अपराधमा संलग्न व्यक्तिहरूलाई कारवाही हुन सकेको छैन। जनआन्दोलनमा जनतामाथि दमन गर्ने व्यक्तिहरूको छानवीन गर्न कृष्णजंग रायमाझीको अध्यक्षतामा गठित समितिले प्रस्तुत गरेको प्रतिवेदनलाई कार्यान्वयन गरिएन। समितिले राज्य पक्षबाट घाइतेहरूलाई पर्याप्त मात्रामा सहयोग पनि दिइएको छैन। सशस्त्रद्वन्द्वका बेला हत्या गरिएका वा वेपत्ता पारिएका निर्दोष व्यक्तिहरूका परिवारहरूको माग पूरा गरिएको छैन। यो अवस्थामा मानवता विरूद्धको अपराध गर्नेलाई कडा सजाय गर्नुको साटो विधेयकले मेलमिलापमा जोड दिएको हुनाले त्यसको नीतिगत पक्षको हामीले विरोध गरेका छौं। तैपनि त्यसलाई बढिभन्दा बढि पीडितहरूको पक्षमा सकारात्मक बनाउन संसदमा हाम्रो पार्टीले भूमिका खेल्दै आएको छ। आफू सत्तामा भए संविधान बनाउने र सत्तामा नभए बनाउन मद्दत पनि नगर्ने सोंचले प्रमुख राजनीतिक दलहरू ग्रस्त छन्। यो अवस्थामा शान्ति र संविधानले पूर्णता पाउने कुरा अत्यन्तै कठिन कुरा बन्न गएको छ। यदि लामो समयसम्म पनि शान्ति र संविधान निर्माण हुन सक्दैन र देश प्रतिगमनको दिशामा अगाडि बढ्छ भने जनता

ती सबै चुनौतिहरूको सामना गर्दै अगाडि बढ्ने छन् र जनताको सही आवाजले विजय पनि प्राप्त गर्नेछ । त्यसकारण ठूला दलहरूका लागि शान्ति र संविधान निर्माण प्रक्रियालाई लामो समयसम्म अनिर्णित राखिराख्नु सम्भव हुनेछैन ।

माघ २० गते निर्वाचित झलनाथ खनालको नेतृत्वको सरकार आफ्नै पार्टीको आन्तरिक कारणले संकटमा परेको छ । विशेषगरी निर्वाचनका दौरानमा झलनाथ खनाल र पुष्पकमल दाहालबीच भएका सात बुँदे सहमतिले राष्ट्रिय सहमतिको बाटोलाई अवरूद्ध पार्‍यो । त्यसले गर्दा ने.का.सरकारभन्दा बाहिर बस्न पुग्यो भने एमालेले गृहमन्त्री माओवादीलाई तत्काल दिन नहुने अडान राखेपछि गृहमन्त्रीको चयन हुन सकेन । माओवादीको आन्तरिक कारण तथा ०६२-६३ को जनआन्दोलनका उपलब्धिलाई रक्षा गर्ने सवालमा रहेको द्विविधा र गृहमन्त्री नपाएपछि आफ्ना बाँकी मन्त्रीहरूको नाम पनि नदिंदा सरकार संकटमा पर्दै आएको छ । अर्थसचिव रामेश्वर खनालको राजीनामा, अर्थमन्त्रीको कहिले पूरक बजेट, कहिले पूर्ण बजेटको घोषणा, आर्थिक स्वेतपत्र, अर्थ राज्यमन्त्रीको तीनवटा देशको नागरिकता प्रमाणपत्र भएको खुलासा, शान्ति सुरक्षाको फितलो अवस्था आदिले गर्दा सरकार दिन प्रतिदिन विश्वास गुमाउँदै गएको छ । शान्ति र संविधानलाई प्राथमिकतामा राखेका कारणले साढे सात महिनासम्मको सरकारको रिक्ततालाई पूर्ति गर्ने पर्ने दायित्वबोध गरेर हामीले प्रधानमन्त्री निर्वाचन गर्दा झलनाथ खनाललाई प्रवृत्तिगत कमिकमजोरी देख्दा देख्दै पनि सबैभन्दा कम खराब व्यक्तिको रूपमा समर्थन गर्‍यौं । तर त्यो समर्थन वास्तवमा झलनाथलाई दिएको समर्थन भन्दा पनि सरकारको अभावलाई अनिश्चितकालसम्म कायम रहन दिनु उचित नभएकाले र उनी अन्य उमेदवार भन्दा कम खराब भएकाले नै तथा उनको कार्यप्रणालीको आलोचनाका साथ नै दिइएको थियो । तर सय दिन पनि नबित्दै उनको नेतृत्वको सरकारप्रति जनताको असन्तोष बढेको छ । तैपनि शान्ति र संविधानका लागि अहिले पनि ठूला दलहरू बीच सहमति आवश्यक छ । राष्ट्रियताको अवस्था धेरै नै गम्भीर बन्दै गएको छ । खास गरेर भारतीय विस्तारवादको देशमा चलखेल तीव्र बनेको छ । भारतीय कुटनीतिक नियोगमा काम गर्नेहरूले देशको आन्तरिक राजनीतिक मामिलामा समेत नांगो हस्तक्षेप गरेका कैयौं उदाहरणहरू छन् ।

अहिले देश गम्भीर तथा जटिल मोडमा उभिएको छ । देशका कुनै पनि क्षेत्रमा सरकारको नियन्त्रण बलियो छैन । गृह प्रशासन फितलो सावित भएको छ । भारतीय पेशेवर गुण्डाद्वारा जेलभित्र गएर युनुस अन्सारी माथि गोली प्रहार, अस्पतालमा उपचार गराउन गएको बिरामी कैदी दिनदाहडै फरार, संवेदनशील क्षेत्रमा संचार उद्यमी जमिम शाहको हत्या लगायतका कैयौं घटनाहरूले प्रहरी प्रशासन असक्षम प्रमाणित गरेको छ ।

**अन्तर्राष्ट्रिय परिस्थिति**

कुनै देशको राजनीति वा त्यसको परिवर्तन तथा विकासको दिशा मुख्य रूपले सम्बन्धित देशको आन्तरिक अवस्थाद्वारा नै निर्धारित हुन्छ । तैपनि कुनै देशको राजनीतिमा अन्तर्राष्ट्रिय परिस्थितिले पनि काफी हदसम्म प्रभाव पारेको हुन्छ । त्यसैले नेपालको राजनीतिक परिस्थिति वा आगामी नीति र कार्यक्रमहरूबारे विचार गर्दा आजको विश्वको अन्तर्राष्ट्रिय परिस्थितिबारे पनि विचार गर्नुपर्ने आवश्यकता छ ।

विश्व समाजवादी व्यवस्थाको विघटनपछि अमेरिकी साम्राज्यवादको अवस्था अपेक्षाकृत बलियो भएर आएको छ । त्यसले गर्दा विश्व समाजवादी वा राष्ट्रिय मुक्ति आन्दोलनको अवस्था धेरै नै कमजोर भएको छ वा त्यो रक्षात्मक अवस्थामा छ । साम्राज्यवादी शक्तिहरूले भूमण्डलीकरणको माध्यमद्वारा, प्रथम, आपसी अन्तरविरोधहरूलाई समाधान गर्न र, द्वितीय, तेस्रो संसारका देशहरूमाथि आफ्नो प्रभूत्व कायम गर्न तथा, तृतीय, विश्वको समाजवादी र राष्ट्रिय मुक्ति आन्दोलनलाई दवाउन योजनाबद्ध प्रकारले प्रयत्न गरिरहेका छन् । आजको विश्वमा उनीहरूको अवस्था अपेक्षाकृत बलियो भएको कारणले उनीहरूले तेस्रो संसारका देशहरूमाथि खुला र नांगो प्रकारले आक्रमण गर्नेसम्मका नीतिहरू अपनाएका छन् । एकातिर, भूमण्डलीकरण र, अर्कातिर, इराक र अफगानिस्तान माथिका उनीहरूका आक्रमण तथा अहिले लिवियामा उनीहरूले गरिरहेको फौजी आक्रमणका कारवाहीहरूले साम्राज्यवादबाट विश्वव्यापी रूपमा पैदा भएको गम्भीर संकटलाई बताउँछ । इराक, अफगानिस्तान र लिवियामाथि खुला आक्रमक कारवाहीहरू बाहेक उनीहरूले संसारका विभिन्न स्वतन्त्र राष्ट्रहरूमाथि अरू कैयौं प्रकारले हस्तक्षेप गर्ने वा त्यहाँ आफ्नो नियन्त्रण कायम गर्ने प्रयत्न गर्दै आएका छन् ।

अहिले विश्वमा अमेरिकन साम्राज्यवाद आपसका अन्तरविरोधमाथि नियन्त्रण गर्न धेरै नै सफल भएजस्तो तथा विश्वमा अजय शक्ति भएजस्तो देखिन्छ । तर त्यो उपरी रूप मात्र हो र भूमण्डलीकरणले पनि उनीहरूका बीचमा अन्तरविरोधहरूलाई समाधान गर्न सकेको छैन । उनीहरूका बीचमा अन्तरविरोधहरू बढ्दै गइरहेका छन् । त्यसैगरेर पूँजीवाद भित्रको आर्थिक संकट लगातार बढ्दै गइरहेको छ । गत दशकहरूमा पूँजीवाद विरूद्धको आन्दोलन बढ्दै गइरहेका छन् । उत्पीडित राष्ट्रहरूमा साम्राज्यवादका विरूद्धको राष्ट्रिय मुक्ति आन्दोलन बढ्दै गइरहेको छ । इराक र अफगानिस्तानमा अमेरिकन साम्राज्यवादले कब्जा जमाए पनि त्यहाँ राष्ट्रिय मुक्ति आन्दोलन लगातार अगाडि बढ्दै गइरहेको छ । भूमण्डलीकरणका विरूद्ध पनि विश्वव्यापीरूपमा आन्दोलन बढ्दै गइरहेको छ । यी केही उदाहरणहरूबाट स्पष्ट छ, विश्वस्तरमा साम्राज्यवादको अवस्था बाहिर देखिएजस्तो बलियो छैन । आन्तरिक रूपमा उनीहरूको शक्ति झन्पछि झन् कमजोर हुँदै गइरहेको कुरामा कुनै शंका रहन्न । भूमण्डलीकरणले उत्पादक शक्तिहरूलाई विश्वस्तरमा सामाजिक रूप दिँदै गइरहेको छ । तर उत्पादनका साधनहरूमाथिको व्यक्तिगत स्वामित्वले गर्दा पूँजीवादभित्रको आधारभूत अन्तरविरोध, उत्पादनको सामाजिक स्वरूप र उत्पादन शक्तिहरू माथि व्यक्तिगत स्वामित्वका आधारभूत

अन्तरविरोधले झन्पछि झन् गम्भीर रूप लिदै गइरहेको छ र त्यसको परिणामस्वरूप अन्तमा पूँजीवादी व्यवस्थाको अन्त र समाजवादी व्यवस्थाको विजय अवश्यम्भावी छ। वस्तुगत रूपमा एकातिर, पूँजीवादभित्रको अन्तरविरोध तीब्र बन्दै गएकोले र, अर्कातिर, पूँजीवाद भित्रको संकट बढ्दै गएकाले त्यसको स्थिति धेरै नै कमजोर भएको छ। तैपनि आत्मगत रूपमा क्रान्तिकारी शक्तिहरूको स्थिति कमजोर भएकाले आज वस्तुगत रूपमा क्रान्तिका पक्षमा तयार भएको उपयुक्त अवस्थाबाट फाइदा उठाउन सम्भव भइरहेको छैन। विश्व समाजवादी व्यवस्थाको विघटनपछि अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन धेरै नै कमजोर भएको छ र त्यो रक्षात्मक अवस्थामा छ। त्यसका आधरमा अब त्यो समाप्त भएको वा त्यसको कुनै भविष्य समेत नभएको कुरा पनि उठ्न थालेको छ। तर त्यो सोंचाईले वास्तविकतासित मेल खान्न। कम्युनिष्टको जन्म समाजमा युगौंदेखि चल्दै आएको शोषण, उत्पीडनको पृष्ठभूमी तथा मजदुर वर्ग माथिको शोषणका साथै भएको थियो। विश्वमा समाजवादी आन्दोलन कमजोर भएको अवस्थामा पूँजीवादद्वारा मजदुर वर्ग वा विश्वस्तरमा उत्पीडित राष्ट्रहरूमाथिको शोषण, उत्पीडन झन् बढेर गइरहेको छ र झन् बढ्दै जानेछ। त्यो अवस्थामा पूँजीवादका विरूद्धको वर्गसंघर्ष वा आन्दोलन झन् बढेर जानेछ। त्यसले कम्युनिष्ट आन्दोलनलाई झन् शक्तिशाली बनाएर जानेछ। त्यसैले अहिले विश्व कम्युनिष्ट आन्दोलनमा देखापरेका कमजोर अवस्था अस्थायी कुरा हो। त्यसभित्र क्रान्तिकारी ज्वारभाटाहरू अन्तरनिहित छन् र भविष्यमा तिनीहरूले महान विष्फोटको रूप लिने कुरा अवस्यम्भावी छ। त्यसकारण कम्युनिष्ट वा विश्व समाजवादी आन्दोलनको उज्ज्वल भविष्य छ र त्यसले अन्तमा पूँजीवादी व्यवस्थालाई समाप्त पारेर समाजवादी व्यवस्थाको स्थापना गर्ने कुरा निश्चित छ।

नेपाल चीन र भारत ठूला र शक्तिशाली देशहरूको बीचमा अवस्थित छ। नेपालको छिमेकी मुलुकहरूसित ऐतिहासिक कालदेखि नै मैत्रीपूर्ण सम्बन्ध रहँदै आएको छ। हाम्रो देशको विदेश नीति पारस्परिक समानता र आपसीहीतका आधारमा कायम रहनु पर्दछ। विश्वका सबै देशहरूसँग आपसी सम्मान र सदभावपूर्ण सम्बन्धको विकास गर्दै कुनै पनि साम्राज्यवादी तथा विस्तारवादी प्रभूत्वलाई अस्वीकार गर्दै स्वाधीन राष्ट्रको रूपमा सबै देशहरूसँग मैत्रीपूर्ण सम्बन्धलाई कायम राख्नु पर्दछ। छिमेकी देश चीनमा माओको निधनपछि त्यहाँको समाजवादी व्यवस्था विघटन भएको छ र त्यहाँ पूँजीवादको पुनर्स्थापना भएको छ। चीन डब्लू, टी.ओ.को सदस्यसमेत भएर विश्व बजारमा बर्चस्व कायम गर्दै आएको छ। पूँजीवादी देश भएता पनि उसले साना मुलुकमाथि हस्तक्षेपको नीति  अवलम्बन गरेको छैन। नेपालप्रति पनि त्यसको नीति मैत्रिपूर्ण रहँदै आएको छ र हाम्रो देशमा त्यसले हस्तक्षेपको नीति अपनाउने गरेको छैन। तिब्बत चीनको अभिन्न अंग भएको कुरा हामीले मान्दै आएका छौं र हाम्रो देशमा हुने चीन विरोधी गतिविधिलाई सरकारले रोक्नु पर्दछ। एक चीनको नीतिलाई व्यवहारमा कार्यान्वयन गर्नुपर्दछ।

लिविया, इजिप्ट, बहराइन लगायतका देशहरूमा उठेका निरंकुशता विरोधी आन्दोलनहरूलाई हाम्रो पार्टीले समर्थन गरेको छ। तर ती देशका प्रजातान्त्रिक आन्दोलनलाई समर्थन गर्ने नाममा अमेरिकी साम्राज्यवादले आन्दोलनकारीहरू भित्र गरेको घुसपैठ तथा ती देशहरूको सार्वभौमिकतामाथि हस्तक्षेप गर्दै हवाई आक्रमण र त्यसबाट मानवीय तथा भौतिक सम्पत्तिको क्षतिको विरोध गर्दै आएको छ। त्यस सन्दर्भमा मुख्यत: लिबियामाथिको आक्रमणको हाम्रो पार्टीले विरोध गरेको छ।

**आर्थिक अवस्था** :

अहिले देशको कृषि उत्पादनमा ह्रास आएको छ। कृषि प्रधान देश भएता पनि विगतका सरकारहरूले जस्तै अहिलेका सरकारहरूले पनि कृषि क्षेत्रलाई उपेक्षा गर्ने गरेका छन्। किसानहरू मल वीउका लागि विदेशको मुखापेक्षी हुनुपर्दा बर्षेनी अर्बौं रूपैया विदेश जाने गरेको छ। सरकारले रासायनिक मलको फैक्टरी खोल्ने दिशामा पहल गर्दैन।  त्यसैगरी सिंचाईको क्षेत्रमा सरकारले पर्याप्त ध्यान दिन सकेको छैन। कृषि उत्पादनमा आएको ह्रासले समग्र अर्थतन्त्रलाई प्रभावित तुल्याएको छ। यो अवस्थामा हामीले सरकारको गलत कृषि नीतिका विरूद्ध संघर्ष गरेर कृषिलाई आधुनिकीकरण तथा व्यवसायिकरण गर्ने तर्फ लैजान, परम्परागत वीउ विजन उत्पादन तथा संरक्षण गर्न, रासायनिक मलको उत्पादन गर्न, त्यसका साथै जैविक मलको उत्पादनका लागि किसानहरूलाई प्रोत्साहित गर्न सरकारलाई दवाव दिनुपर्ने आवश्यकता छ। विभिन्न तथ्यांकहरूले देशको समग्र आर्थिक बृद्धिदर घटेको बताएका छन्। ४० प्रतिशत जनता गरिबीको रेखामुनी जीवन बिताइरहेका छन्। व्यापारमा शोधान्तर वार्षिक घाटा करिब दश अरब पुगेको छ। वनजंगल व्यापकरूपमा कटानीगरी काठ तस्करी हुने गरेको छ। शैक्षिक क्षेत्रमा अराजकता बढेको छ। महंगी र लोडसेडिडले जनतालाई मर्माहत तुल्याएको छ। शिक्षाको निजीकरण तथा व्यापारीकरणले गर्दा साधारण जनताका लागि शिक्षामा पहुँच असम्भव बन्दै गएको छ। शिक्षा जस्तो महत्वपूर्ण क्षेत्रलाई सरकारले जिम्मा लिनुको साटो समुदायलाई जिम्मा दिएर सरकार पन्छिने गरेको छ। शिक्षामा सामुदायिकरण गरेर सर्वसाधारण जनतालाई शिक्षाको पहुँचबाट टाढा राख्न खोज्दैछ। वेरोजगारीले गर्दा लाखौं लाख युवा शक्ति विदेश पलायन भइरहेको छ। त्यसका साथै राष्ट्रिय पूँजीपतिहरूले लगानी घटाउँदै गएका छन् र देशभित्रको पूँजीको पलायन हुँदै गएको छ। विश्व बैंक, एडीबी, अन्तर्राष्ट्रिय मुद्राकोष जस्ता आर्थिक संस्थाहरूले देशमा नाफा कमाइरहेका छन्। देश अरबौंको ऋणमा डुबेको छ। त्यो ऋणको मात्रा प्रत्येक वर्ष बढिरहेको छ। नौ वर्षदेखि स्थानीय निकायको निर्वाचन भएको छैन। त्यसले गर्दा स्थानीय निकायमा गएको रकम सही ठाउँमा सदुपयोग हुन सकेको छैन। कैयौं गा.वि.स. तथा जि.वि.स.हरूमा २/३ वटा ठूला पार्टीहरूले मनपरि ढंगले खर्च गरेको पाइएको छ। विकासको काम ठप्प जस्तो छ। त्यसकारण स्थानीय निकायको निर्वाचन तत्काल गराउन हामीले जोड दिंदै आएका छौं र अहिले पनि दिन्छौं। देशमा तस्करी,

कालो बजारी बढेको छ । भ्रष्टाचार मौलाईरहेको छ । सर्वोच्च अदालतले कतिपय भ्रष्टाचारीहरू माथि कारवाही गरेपनि कैयन भ्रष्टाचारीहरू अहिले पनि उन्मुक्ति पाउने अवस्थामा छन् । भ्रष्टाचारीहरूलाई कानूनको दायरामा ल्याएर कारवाही गरेर नै भ्रष्टाचारलाई न्यून गर्न सकिनेछ । देशमा पर्यटन विकास महत्वपूर्ण आर्थिक स्रोत भएता पनि पर्यटन विकासका लागि सरकारको पर्याप्त ध्यान गएको छैन । देशको अर्थतन्त्र दिनप्रतिदन गिर्दो अवस्थामा रहेको हुँदा जनताको क्रयशक्ति घटेको छ । यो स्थिति यही रूपमा बढ्दै जाने हो भने देशको अर्थतन्त्र आगामी केही वर्षमै घराशायी हुने अवस्था छ । देशमा निजीकरण तथा उदारिकरणलाई व्यापक रूपले लागू गरिएको छ । सरकारले त्यही नीति अन्तर्गत बहुराष्ट्रिय कम्पनीहरूलाई भित्राउँदै छ । राजकीय स्वामित्वका उद्योगहरू कौडिको मूल्यमा विक्री गरिएको छ । देशका सबै क्षेत्रमा नीजि पूँजीले ओगटेको छ । सरकारले नीजि तथा सार्वजनिक साझेदारीलाई प्रोत्साहित गर्ने नीति अपनाए पनि सार्वजनिक स्वामित्वभन्दा विदेशी लगानीले महत्व पाएको छ । विदेशी लगानीकर्तालाई आकर्षित गर्ने नाममा सार्वजनिक स्वामित्वलाई र राष्ट्रिय उद्योगधन्दाहरूलाई निरूत्साहित गर्दै आएको छ । यसरी नै जाने हो भने आर्थिक क्षेत्र झन् ओरालो लाग्ने छ । त्यसकारण आर्थिक नीतिमा सुधार गरी देशमा राष्ट्रिय अर्थतन्त्रको संरक्षण गर्दै नियन्त्रित प्रकारले विदेशी लगानीलाई छुट दिएर मिश्रित अर्थतन्त्रको नीति अवलम्बन गर्नु आवश्यक छ । किसानहरूको आर्थिक विकासमा सहकारी संस्थाहरूले राम्रो भूमिका खेल्दै आएका छन् । सरकारी संस्थाहरूको संरक्षण र विकासमा सरकारले ध्यान दिनुपर्छ । त्यसका साथै विदेशबाट अरबौंको रेमिटेन्स देशमा भित्रिन्छ । त्यसलाई विभिन्न उत्पादनमूलक क्षेत्रमा विकासका निम्ति उपयोग गर्ने हो भने राष्ट्रिय अर्थतन्त्रलाई ठूलो टेवा पुग्ने छ ।

**राजमोको संघर्षशील भूमिका -**

राष्ट्रिय जनमोर्चा आफ्नो स्थापना कालदेखि नै निरन्तररूपमा देशी विदेशी प्रतिक्रियावादी शक्तिहरूका विरूद्ध संघर्ष गर्दै आएको छ । प्रथम राष्ट्रिय सम्मेलन देखि दोस्रो राष्ट्रिय सम्मेलनको बीचको झण्डै साढे एघार वर्षको अवधिको दौरानमा राष्ट्रियता, जनतन्त्र तथा जनताका हीतसित सम्बन्धित सवालका पक्षमा संघर्ष र आन्दोलन हाम्रो पार्टीको राजनीतिक गतिविधिको प्रधान पक्ष बनेको छ ।  यो साढे एघार वर्षको संघर्ष र आन्दोलनहरूको दौरानमा हाम्रो पार्टीका एघार जना कार्यकर्ताहरूले शहादत प्राप्त गरेका छन् भने झण्डै एक दर्जन समर्थकहरूले राज्य र माओवादी पक्षबाट ज्यान गुमाएका छन् । यो कुरामा कुनै शंका छैन कि हाम्रो पार्टीको इतिहास रक्तरंजित र बलिदानीपूर्ण रहेको छ । ०४६ सालमा प्राप्त सीमित प्रकारको बहुदलीय व्यवस्थाको रक्षा तथा प्रतिगमनको खतराका विरूद्ध झण्डै तेह्र वर्षसम्म देशको राष्ट्रिय राजनीतिमा हामीले प्रतिगमनको खतरालाई बल पुऱ्याउने बहुदलीय व्यवस्थाका संचालकहरूका गतिविधि व्यवहार, नीति तथा माओवादीहरूका गलत नीतिका विरूद्ध संघर्ष गऱ्यौं । त्यसरी राज्य पक्षको दमनका विरूद्ध संघर्ष गर्दा कैयौं कार्यकर्ताहरूलाई राज्य पक्षले गिरफ्तार गर्ने र चरम यातना दिन गरेको थियो । त्यस सिलसिलामा राज्यले राष्ट्रिय जनमोर्चाका केन्द्रीय सदस्य जनकराज शर्मालाई राज्य विरूद्धको अपराध तथा विध्वंशकारी अपराधअन्तर्गत झुठा मुद्दा लगाएर हिरासतमा चरम यातना दिएको थियो । हाम्रो पार्टी एकातिर सरकारका गलत नीतिहरू, महंगी, काला कानुन, माओवादी दमन गर्ने नाममा सरकारद्वारा संचालित कैयौं दमनकारी अभियानहरू र माओवादी गतिविधि नियन्त्रणका नाममा सर्वसाधारण जनताको गैरकानूनी गिरफ्तारी, यातना र हत्याका विरूद्ध संघर्ष गर्दै आयो । यो संघर्षको दौरानमा बर्दियाका टोपबहादुर कार्की, स्याङ्जाका राम शाह, कैलालीका ज्ञानेन्द्र हमाल, बाग्लुङका टीका छन्त्याल, रोशनध्वज मल्ल, डोरबहादुर छन्त्याललाई राज्य पक्षले निर्ममतापूर्वक हत्या गरेको थियो । अर्कातिर, माओवादीका सामाजिक फासीवादी प्रकारका गतिविधिहरूको विरोध गरेको तथा माओवादीका लागि अन्य दलहरूले जस्तै मैदान खाली नगरेका कारण उनीहरूले हामीलाई आक्रमणको तारो बनाउँदै आएका थिए । हाम्रा साथीहरूलाई अपहरण गर्ने, वेपत्ता पार्ने, गम्भीर प्रकारले कुटपीट गरेर अंगभंग गर्ने, गाउँ तथा जिल्लाबाट विस्थापित गर्ने, मृत्युदण्डको घोषणा गर्ने, सर्वस्वहरण र हत्या गर्नेसम्मका निच कार्यहरू गरे । त्यस सिलसिलामा झापाका रूद्र तिमिल्सीना, कंचनपुरका अमरबहादुर चन्द, बाँकेका कमल अधिकारी तथा बाग्लुङका हाम्रो पार्टी समर्थक विद्यार्थीहरू भविन्द्र कुँवर र शेरबहादुर कुँवरलाई हत्या गरे । अर्का विद्यार्थी गणेश नेपालीलाई घाइते तुल्याए ।  २०५७ साल श्रावणमा प्यूठानको बहानेमा का. चित्रबहादुर के.सी. सुतेको घरमा का. के.सी.लाई आतंकित पार्न फायर गरे ।

प्यूठान धुवाङ गाविसका शिक्षक दुर्गबहादुर खड्कालाई जिउँदै खाल्टोमा पुर्ने सम्मको प्रयास गरे । उनी संयोगले मात्र बाँचेका थिए । ०६० साल आश्विन १२ र १३ गते प्यूठानमा राजमोका २२ जना कार्यकर्ताहरूलाई उनीहरूले अपहरण गरे । ती मध्ये कृष्ण श्रेष्ठ, इन्द्रबहादुर खड्का, उमाराम आचार्य, चक्रपाणी पौडेल, विष्णु भुसाल, चन्द्रबहादुर राना, गरी ६ जनालाई ७४ दिनसम्म अपहरण गरी बेपत्ता बनाए । त्यसका विरूद्ध राजमोले “माओवादी होसमा आउ, गरीब जनता नसताउ” भन्ने नारा सहित बेपत्ताहरूको खोजिका निम्ति ३ महिनासम्म गाउँ गाउँमा माओवादी विरूद्ध ऐतिहासिक अभियान संचालन गरेको थियो । यसप्रकारका अभियानहरू प्यूठानमा मात्र सीमित नभएर देशव्यापी रूपमा र प्रवासमा समेत महिनौ दिनसम्म संचालन गरिएका थिए । अन्ततः उनीहरू अपहरित कार्यकर्ताहरूलाई जीवित छाड्न बाध्य भए । बागलुङमा राजमो कार्यकर्ता गौरीश्वर पाण्डे, धर्म कुँवर, तुल्सी अर्याल र भरत पौडेललाई अपहरण गरेर महिनौ दिसम्म बेपत्ता पार्ने काम गरे । गौरीश्वर पाण्डे १५० दिन पछि उनीहरूको घेरा तोडेर उम्कन सफल हुनुभयो । बाग्लुङका टेकबहादुर घर्ती लगायतका पाँच जना, जुम्लाका अग्नीप्रसाद उपाध्याय र अर्घाखाँचीका शिव खनालको सर्वस्व हरणसहित लाखौंको घर सम्पत्ति कब्जा गरेका थिए। अहिले पनि त्यो सम्पत्ति

माओवादीहरूले फिर्ता गरेका छैनन् । बागलुङकी रूपा पुनलाई चन्दा नदिएको कारण फलामको बर्माले तिग्रामा प्वाल पार्ने सम्मका पाशविक कार्य गरे । रामप्रसाद सापकोटा र भविलाल छन्त्यालका खुट्टा भाँचीदिएका थिए । ०६१ साल भाद्र २२ गते दैलेखको दुल्लुमा हाम्रो शान्तिपूर्ण सभामाथि माओवादीले आक्रमण गरेका थिए । त्यसमा हरि आचार्य, मनोज भट्ट, जनकराज शर्मा तात्कालिन महासचिव नवराज सुवेदी र यमुना भूसाल लगायतका नेताहरू तथा जगत रेग्मी लगायतका थुप्रै स्थानीय नेताहरू समेत घाइते बनाइए । राजमोको कार्यालय जलाईदिए । पाँचलाख जतिको सम्पत्ति लुटेर लगे । सभामा हमला गर्दा उनीहरू खुकुरी, तरवार, भाला लगायत सबै हतियारहरू प्रयोग गरेका थिए । ०६१ साल असोज १९ गते गुल्मीको भुर्तुङ गाविसको छापचौरमा राजमोको शान्तिपूर्ण सभालाई माओवादी सशस्त्र लडाकुहरूले नियन्त्रणमा लिएर सयजना भन्दा बढी नेता, कार्यकर्ता तथा समर्थकहरूलाई अपहरण गरेर चरम यातना दिने काम गरेका थिए । २०६१ साल असोज १० गते बाग्लुङको ढोरपाटनमा पार्टीको शान्तिपूर्ण अभियानमा हिंडेका करिब ३०० नेता कार्यकर्ता र समर्थकहरूमाथि तीनतिरबाट गोली प्रहार गरी सयौंलाई घाइते तुल्याए र लाखौंको सम्पत्ति लुटेका थिए । रोल्पाका हाम्रा स्थानीय कार्यकर्ता खलवीर पुनको कानमा विष्फोटक पदार्थ (जिलेटिन बम) राखी विष्फोट गराउन खोजेर आतंकित पार्न खोजेका थिए । रूकुमका शत्रुधन श्रेष्ठलाई अपहरण गरी तीन महिनासम्म बेपत्ता पारेर पछि मुक्त गरेका थिए । ०६५ फागुन १८ गते संघीयता विरोधी कार्यक्रमको सन्दर्भमा उनीहरू (माओवादीहरू)ले राजमो रूकुमका जिल्ला अध्यक्ष का. रामप्रकाश पुरीलाई मरणासन्न हुनेगरी कुटपिट गरे । त्यस्तै रोल्पाको थवाङमा मेघनाथ विष्ट लगायत ५६ जनालाई ७ घण्टासम्म हिरासतमा राखेको, रोल्पाकै भवाङमा दुर्गा तिरूवा तथा देवबहादुर महरामाथि सांघातिक आक्रमण गरेको, हस्तमणि पुन र जितेन्द्र सिंह ठकुरीलाई कैयौं दिन हिरासतमा राखेको, प्यूठान वीरबहादुर पुनलाई भौतिक कारवाहीको घोषणा गरेको, सुर्खेत मोतिप्रसाद मिदुनलाई हिरासतमा राखेको तथा तात्कालिन रक्तिम सांस्कृतिक परिवारका अध्यक्ष नारायण योगी तथा नन्दराज भट्ट, हरिकृष्ण पाण्डे लगायतका राजमो कार्यकर्ताहरूलाई कैलालीमा अपहरण गरेको, प्यूठानका गोविन्द जि.सी.लाई ६५ दिन र गोपालराज शर्मालाई ५३ दिन अपहरण गरी हिरासतमा यातना दिएको, केन्द्रीय सदस्य लोकेन्द्र लम्साललाई मृत्युदण्ड दिने घोषणा जस्ता सयौं घटनाहरू माओवादीले घटाए । माओवादीहरूले हामीमाथि गरेका आक्रमणका यी केही उदाहरण मात्र हुन् । यी घटनाहरूबाट यो कुरामा कुनै शंका रहन्न कि माओवादीहरूले बन्दुकको बलमा हाम्रो संगठनलाई समाप्त पार्ने दिवास्वपना देखेका थिए । तर परिणाम उल्टो भयो । राज्यको दमन तथा माओवादीहरूका उग्र“वामपन्थी” सामाजिक फासीवादी प्रकारका गतिविधि विरूद्धको संघर्षले हाम्रो संगठनको स्वरूप झन् जुझारू र मजबुत बन्दै गयो । हाम्रो संगठन देशव्यापी रूपमा जनताको बीचमा विस्तार र स्थापित भयो ।

हामीले माओवादी कथित जनयुद्धको विरोध गर्नुको पछाडिको कारण यो थियो कि उनीहरू देशमा सशस्त्र संघर्षका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति निर्माण नहुँदै_सशस्त्र संघर्ष शुरू गरेको हुनाले त्यसले देशको कम्युनिस्ट आन्दोलनलाई देशी विदेशी प्रतिक्रियावादी शक्तिहरूले जनयुद्ध दबाउने नाममा सम्पूर्ण कम्युनिस्ट समर्थक जनतालाई कत्लेआम गर्ने र कम्युनिस्ट आन्दोलनलाई ध्वस्त पार्ने अवस्था आउँथ्यो । राज्यपक्षबाट हजारौं निर्दोष नागरिकहरू मारिनुले पनि त्यो कुराको पुष्टि हुन्छ । दोस्रो कुरा, उनीहरू जनयुद्धको नाममा जनतामाथि जुन ज्यादति गरे, त्यो निश्चित रूपमा सामाजिक फासिवादी प्रकारको कारवाही नै थियो । जनतालाई माओवादी ज्यादतिबाट बचाउनका लागि पनि हामीले माओवादीका विरूद्ध संघर्ष गर्नु पर्ने आवश्यकता थियो । अन्य एमाले वा ने.का.जस्ता राजनीतिक संगठनहरूले आफूमाथि आक्रमण हुने डरले गर्दा आफ्ना कार्यकर्ताहरूको खुले आम हत्या हुँदा पनि विरोध गर्न हिम्मत गरेनन् । तर राजमो सबै प्रकारका धम्की, आतंक र उत्पीडनसँग जुझेर माओवादीको आतंककारी क्रियाकलापको विरोध गर्‍यो । हामीले राज्य पक्ष वा माओवादी पक्ष जोसुकैबाट भए पनि निर्दोष निशस्त्र व्यक्तिको गरिएको हत्यालाई मानवता विरूद्धको अपराध हो र अपराधीलाई उन्मुक्ति दिनु हुँदैन भनेर आवाज उठाउँदै आएका छौं । त्यसप्रकारको अपराधपूर्ण कारबाहीहरूको दोषी माओवादी वा राज्यपक्षका व्यक्तिहरूलाई आवश्यक छानवीन गरेर अपराध प्रमाणित भएकाहरूलाई अपराध अनुसार सजायँ दिनुपर्ने कुरामा जोड दिंदै आएका छौं ।

राजमोको संघर्षशील परम्पराले नै पार्टीलाई स्थापित गरेको छ । राज्य पक्षबाट जनतामाथि हुने शोषण, दमन तथा उत्पीडनका विरूद्ध होस्, चाहे जनताका जनजीविकासित सम्बन्धित सवाल होस्, राजमो जनताका हर समस्यामा अग्रीम पंक्तिमा उभिदै आएको छ । राष्ट्रियताको सवालमा विशेषत: कालापानी लगायत दक्षिणी सीमामा सीमा अतिक्रमण, अवैध बाँध निर्माण लगायत राष्ट्रघाती सन्धि सम्झौताका विरूद्ध राजमोले संसद तथा सडकमा संघर्ष गर्दै आएको छ । भारतीय पक्षले कोशी बाँधको ढोका बन्द गरिदिनाले बाँध फुट्न गई लाखौं नागरिकहरू घरबारविहीन हुन पुगे । आजसम्म पनि उनीहरूको उचित पुनर्स्थापना हुन सकेको छैन । माओवादीका हिंसात्मक गतिविधिहरूलाई नियन्त्रण गर्ने नाममा सरकारले जारी गरेको “आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय अध्यादेश २०५८” र संकटकालका विरूद्ध राजमोले सरकारको अधिनायकवादी नीतिका विरूद्ध संघर्ष गरेको थियो । संसदमा उक्त आतंककारी विधेयक तथा संकटकाल लगाउने सरकारको निर्णयको विरूद्ध आवाज उठाउने राजमो मात्र थियो । ०५९ जेठ ८ गते जननिर्वाचित प्रतिनिधिसभालाई भंग गर्ने तात्कालिन देउवा सरकारको निर्णयका विरूद्ध राजमोसहित पाँच पार्टीहरूको संयुक्त आन्दोलनले संसद पुनर्स्थापनाका लागि आन्दोलन गरेको थियो । ०५९ आश्विन १८ गते पूर्वराजा ज्ञानेन्द्रले निर्वाचन गराउन असक्षम रहेको भनी देउवालाई प्रधानमन्त्रीबाट अपदस्थ गरी लोकेन्द्रबहादुर चन्दलाई

प्रधानमन्त्री नियुक्त गरेपछि देशमा अत्यन्त जटिल स्थिति उत्पन्न भएको थियो । राजाको प्रत्यक्ष शासनकालमा पनि हाम्रो पार्टीले निरंकुश राजतन्त्र तथा माओवादी ज्यादति विरूद्ध एक्लै तथा संयुक्त रूपमा आन्दोलन अगाडि बढाएको थियो भने संयुक्त जनमोर्चा पक्षले माओवादी ज्यादतिको विरोध गर्न नहुने भनेर राजमो पक्षको विरोध गरिरह्यो । तात्कालिन राजा ज्ञानेन्द्रले ०६१ माघ १९ गते शाही घोषणा मार्फत सम्पूर्ण राजकीय अधिकार आफ्नो हातमा लिई शासन चलाउन शुरू गरे । यसै पृष्ठभूमिमा सातदल र माओवादी बीच प्रतिगमन विरुद्ध सहकार्यको प्रक्रिया अगाडि बढ्यो र ०६२-६३ को जनआन्दोलनका लागि वातावरण तयार भयो ।

०६२-६३ को जनआन्दोलनको दौरानमा हाम्रो पार्टीका सयौं नेता तथा कार्यकर्ताहरू प्रहरीको हिरासतमा बस्नुपरेको थियो भने दर्जनौं कार्यकर्ता घाइते र अंगभंग भए । कतिपयलाई नेपालमा उपचार सम्भव नभएर भारतमासमेत लैजानु परेको थियो । ०६२ चैत्र २४ देखि सुरू भई ०६३ बैशाख ११ गते राजाले आफ्नो सत्ता छोड्ने घोषणा गर्दासम्म आन्दोलन चलिरह्यो । ०६३ बैशाख ११ गतेको दिन नेपालको इतिहासमा २४० वर्षसम्म कायम रहेको राजतन्त्र विरूद्ध नेपाली जनताको विजयको दिन बन्न पुग्यो ।

पुनर्स्थापित संसदले पारित गरेको राष्ट्रघाती नागरिकता विधेयकलाई समर्थन गर्नु हाम्रा सांसदहरूको गल्ती थियो । हाम्रो पार्टीले तत्कालै सार्वजनिक रूपले आत्मालोचना गर्दै राष्ट्रघाती नागरिकताका विरूद्धको संघर्षलाई अगाडि बढाउने काम गऱ्यो । संसद पुनर्स्थापना पछि संसदमा भएका सबै राजनीतिक दलहरूलाई प्रतिशतका आधारमा सांसदहरू थप गर्ने व्यवस्था गरे । त्यही बेला दुनियाँमा कतै नभएको निर्णय गरेर निर्वाचन नै नगराईकन संसदमा ८३ वटा सिटहरू माओवादीलाई प्रदान गरियो । ३ वटा सांसद भएको तात्कालिक जनमोर्चा, नेपाल मध्येको सबैभन्दा ठूलो दल राजमोलाई एकजना सांसद नदिने तर एक जनामात्र भएको संयुक्त जनमोर्चा पक्षलाई ३ जना सांसद दिएर सातदल र माओवादीले अधिनायकवादी शैली प्रस्तुत गरे । उनीहरूले ३ जना भएको दललाई एक जना पनि नदिनुको कारण मुख्यत: हामीले माओवादी ज्यादतिको विरोध गरेकाले हो भन्ने कुरामा कुनै शंका रहन्न । सात दल र माओवादीले पुनर्स्थापित संसदमा प्रस्तुत गरेको अन्तरिम संविधानमा समेत उनीहरूको अधिनायकवादी प्रवृत्ति देखापर्छ । अन्तरिम संविधानका कतिपय अप्रजातान्त्रिक प्रावधानहरूको विरूद्ध राजमोले संसदमा विरोध प्रकट गरेको थियो । अन्तरिम संविधानमा ०६३ फागुनमा तेस्रो संशोधनद्वारा नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रको प्रस्ताव संसदमा आएपछि राजमोले संसदमा लोकतान्त्रिक गणतन्त्रको समर्थन तथा संघीयताको विरोध गऱ्यो । देशमा संघीयता ल्याउने वा नल्याउने निर्णय गर्ने अधिकार संविधानसभाको हो । तर संविधानसभाको क्षेत्राधिकार माथि अतिक्रमण गरेर सात दल र माओवादीले संघीयता अन्तरिम संविधानमा प्रवेश गराए । त्यो चरम अधिनायकवादी तरिका थियो । नेपाली जनताले करिब ६ दशकदेखि संविधानसभाको निम्ति संघर्ष गर्दै आएका थिए । ने.क.पा. (मसाल)ले ०४७ सालमा संविधानसभाद्वारा संविधान निर्माण गर्नुपर्छ भनेर आन्दोलन गरेको थियो । तर कांग्रेस, “वाम”मोर्चा तथा राजा मिलेर संविधान सुझाव आयोगद्वारा संविधान निर्माण गर्ने कुरामा सहमत भएका थिए । तात्कालिक एकताकेन्द्र र पछि माओवादीहरूले पनि संविधानसभाको मागका विरूद्ध अभियान चलाएका थिए । ०४८ सालमा आम निर्वाचन भयो । त्यसलाई ने.क.पा.(मसाल) ले बहिस्कार गरेको थियो ।  यो खुशीको कुरा हो कि संविधानसभाको नारालाई ०४७ सालमा संशोधनवादी नारा बताउने माओवादीले (तात्कालिन संयुक्त जनमोर्चा) ०५७ साल तिर संविधानसभाको नारालाई प्रमुख एजेण्डा बनायो र अन्तत:०६२/६३ को आन्दोलनमा संविधानसभाको नारालाई सबै दलहरूले साझा नारा बनाउन बाध्य भए ।

०६४ चैत्र २८ गते सम्पन्न संविधानसभाको निर्वाचनको सन्दर्भमा पार्टीले जनसंख्याको आधारमा निर्वाचन क्षेत्र थप्न नहुने संविधानसभाको आकार ठूलो बनाउन नहुने भनेर जोड दिएको थियो । माओवादी र सातदलको सहमतिको कारण समानुपातिक र प्रत्यक्ष निर्वाचन गरी संविधानसभाका सदस्यहरूको संख्या भावी दिनमा त्यसले पार्ने असर र परिणामको बारेमा ख्याल नगरिकन ६०१ पुऱ्याउने काम भयो । त्यसले गर्दा आज संविधानसभा संख्याप्रति पनि जनतामा ठूलो असन्तोष छ । किनभने राज्यको थुप्रै पैसा संविधानसभाका सदस्यहरूको लागि खर्च भैरहेको छ । संविधानसभाको निर्वाचनमा पार्टीले राष्ट्रव्यापी रूपमा दुईवटै निर्वाचन प्रणालीतर्फ आफ्नो उम्मेदवारी खडा गऱ्यो र जनताबाट करिब एकलाख मत प्राप्त भयो । पार्टीले प्रत्यक्षमा १२२ स्थानमा उम्मेदवारहरू खडा गऱ्यो । तीनसय पैतीस सदस्यीय समानुपातिक निर्वाचन तर्फ ३३२ जना आफ्नो उमेदवारहरू खडा गऱ्यो । संविधानसभाको निर्वाचनमा हामीले अन्तिम समयसम्म अन्य जनतान्त्रिक शक्तिहरूसित, विशेषत: एमालेसित चुनावी तालमेल गर्न प्रयत्न गऱ्यौं । अन्तमा आएरएकातिर, एमालेले सबैतिर तालमेल नगरिकन एक्लैले जित्न सक्ने दम्भ र अर्कातिर राजमोको संसदमा हुने उपस्थितिले उसका दक्षिणपन्थी संशोधनवादी अवसरवादी नीति तथा सरकारमा बसेर गर्ने गलत कार्यको भण्डाफोर हुने डरले तालमेलमा आउन सकेन । उसले त्यसको ठीक विपरीत का. चित्रबहादुर के.सी.लाई हराउनका लागि बाग्लुङमा एकीकृतका उम्मेदवारलाई सहयोग गऱ्यो । का. चित्रबहादुर के.सी. निर्वाचनमा विजय भएपछि निर्वाचन बदर गर्न उहाँ विरूद्ध अदालतमा मुद्दा हाल्ने काम एकीकृत र ने.का. पक्षबाट भयो । तर का. के.सी.ले अन्तमा मुद्दा जित्नु भयो । बाँके क्षेत्र नं. २ का उमेदवार का. कमलप्रसाद अधिकारीलाई माओवादी समेतका अराजक गुण्डाहरूले चैत्र ५ गते राती घरमा सुतिरहेको बेलामा हत्या गरे । यो हत्याको पछाडि व्यक्तिगत कुनै द्वैष वा रिसइवी नभएर हाम्रो पार्टीले उठाएको संघीयता विरोधी नारा नै थियो । राजमोले देशव्यापी रूपमा “संघीयता चाहिंदैन, देश टुक्राउन पाईंदैन” भन्ने नाराका साथ निर्वाचनमा गएको थियो । गलत राजनीतिक निर्णयहरूको विरोध गर्नुको साथ साथै जनताका जनजीविकासित जोडिएका विषयमा राजमोले संघर्ष गर्दै आएको छ । दलितहरूमाथि भएका जातिगत भेदभावको विरोध, सुकुम्बासीहरूको समस्या समाधान, कमलरी प्रथाको अन्त्य र मुक्त कमैयाहरूको पुनर्स्थापना, महंगी

नियन्त्रण, भ्रष्टाचार, अनियमितता आदिका विरूद्ध संघर्ष, महिला विरूद्धका घरेलु हिंसा, महिला बेचविखन लगायतका मानवता विरूद्धका अपराधका विरूद्ध राजमोले संघर्षशील भूमिका खेल्दै आएको सन्दर्भमा आगामी दिनहरूमा अझ सशक्त भूमिका खेल्नुपर्ने जरूरी छ ।

सरकारले मतदाता नामावली संकलनका नाममा ठूला दलहरूको सहमतिमा नागरिकता प्रमाणपत्र बाहेक अन्य कागजातको आधारमा पनि मतदाता परिचयपत्र दिन सकिने निर्णय गरेकोमा हाम्रो पार्टीले त्यसको कडा विरोध गऱ्यो । त्यसका विरूद्ध अदालतमा मुद्दा दायर गर्ने कामदेखि लिएर फैसलासम्म हाम्रो पहल र सहभागिता रह्यो । सर्वोच्च अदालतले सरकारको राष्ट्रघाती निर्णयलाई खारेज गरेर राष्ट्रको पक्षमा स्वागतयोग्य फैसला गऱ्यो । त्यो निर्णय कायम रहेको भए लाखौं लाख विदेशीहरू मतदाता परिचय पत्रका आधारमा नेपाली नागरिक बन्ने थिए र त्यसबाट देश फिजीकरण हुने सम्भावना थियो । देशलाई फिजीकरण बनाउने दिशामा ठूला दलहरूको प्रयत्न भने रोकिएको छैन । संविधानसभा अन्तर्गतको विषयगत एउटा समितिले वैवाहिक अंगिकृत नागरिकता दिने प्रावधान ल्याएको छ । नेपाली नागरिकले विदेशीसँग वैवाहिक सम्बन्ध कायम गरेको अवस्थामा विवाहित विदेशी पुरूष वा महिलालाई १५ वर्षमा वैवाहिक अंगीकृत नागरिकता दिन सकिने व्यवस्थाले नेपालमा विदेशीहरूले सहजै अंगीकृत नागरिकता प्राप्त गरेर बहुमत हुँदै जाने र नेपालीहरू अल्पमतमा पर्दै जाने अवस्था आउन सक्दछ । त्यसरी देश फिजी बन्ने खतरा अहिले पनि यथावत छ । नागरिकताको सवालमा हाम्रो जस्तो सानो मुलुकले विदेशी नागरिकको लागि ढोका खुला गरेपछि नेपालीहरू अल्पमतमा पर्ने र विदेशीहरू बहुमत हुने अवस्था सहजै आउने छ । नागरिकताको सवालमा नेपालले कठोर नीति अवलम्बन गर्नुपर्दछ भन्ने हाम्रो पार्टीको धारणा छ । नेपाली नागरिकले कुनै विदेशीसित विवाह गर्छ भने पनि वैवाहिक आधारमा होइन, अंगीकृत नागरिकताको शर्त पूरा गरेपछि मात्र अंगीकृत नागरिकता दिनुपर्दछ । राष्ट्रियता विशेषत: नागरिकताका विषयमा राष्ट्रियताका पक्षधर शक्तिहरूसित बढि भन्दा बढि एकता गरेर राष्ट्रियताको रक्षाका लागि हाम्रो संघर्ष जारी रहने छ ।

**पार्टी एकता र फुट** :

राष्ट्रिय जनमोर्चा तथा संयुक्त जनमोर्चा बीच ०५६ सालमा राष्ट्रिय जनतान्त्रिक मोर्चा निर्माण गरियो । देशमा देखापरेको प्रतिगमनको खतरा, राष्ट्रियता र जनताका हितहरूको प्रश्नमा त्यो मोर्चाको तर्फबाट आन्दोलनहरू अगाडि बढाउँदै जाँदा दुवै संगठनहरू बीच एकीकरणको प्रक्रिया शुरू भयो । दुवै संगठनका बीचमा न्यूनतम तथा अधिकतम कार्यक्रम, सामन्तवाद तथा साम्राज्यवाद, विशेषत: भारतीय विस्तारवादको विरोध, उग्र“वामपन्थी” तथा दक्षिणपन्थी संशोधनवादको विरोध, नयाँ जनवाद, समाजवाद तथा साम्यवादको लक्ष्य, संघर्षको स्वरूप, इतिहासको मूल्यांकन, विद्यमान आर्थिक, सामाजिक तथा राजनैतिक संरचनामा आमूल परिवर्तन, विश्व कम्युनिस्ट आन्दोलन आदि तमाम विषयहरूमा हाम्रा आधारभूत रूपमा समान दृष्टिकोणका कारणले पार्टी एकीकरण गर्न तयार भई ०५९ सालमा कतिपय मतभेदका वाबजुद पार्टी एकीकरण प्रक्रिया सम्पन्न गरी जनमोर्चा, नेपाल गठन भएको थियो । जनमोर्चा, नेपालभित्र कतिपय मतभेदहरू, विशेषत: माओवादीको कथित जनयुद्धका विषयमा, तात्कालिक अवस्थामा संविधानसभाको नारा क्रियात्मक कि प्रचारात्मक (आन्दोलनात्मक) ? भन्ने विषयमा, सांगठनिक सवाल आदि विषयमा प्रष्टरूपमा मतभेदहरू देखापर्न थाले । ०६२ साल मंसिर ७ गते दिल्लीमा सात दल र माओवादी बीच १२ बुँदे सहमति सम्पन्न भयो, जसमा पार्टी निर्णय तथा जानकारीबिना मोर्चाका तात्कालिन अध्यक्ष अमिक शेरचन त्यो सहमतिमा हस्ताक्षर गरेर फर्के । फर्केपछि बसेको बैठकमा उनले आफू त्यो बैठकमा गएर कुनै गल्ती नगरेको र सहमतिका सबै बुँदा आफूलाई स्वीकार्य भएको स्पष्ट पारे । सहमतिको ३ नं. बुँदामा राष्ट्रघाती निर्णय गरिएको थियो । त्यसमा भनिएको थियो : “यसै सन्दर्भमा निरंकुश राजतन्त्रको अन्त्य पछि हुने संविधानसभाको निर्वाचनको क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्रसंघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरिवेक्षणमा राख्ने” माथि उल्लेखित वाक्यांशप्रति हाम्रो असहमति रह्यो । कुनै पनि विदेशी शक्तिलाई नेपाली भूमिमा आउने निर्णय गर्नु हुँदैन भन्ने धारणा हाम्रो थियो र छ । त्यही सहमतिको बुँदाका आधारमा पछि संविधानसभा निर्वाचनका दौरानमा संयुक्त राष्ट्रसंघीय मिसन (अनमिन)लाई नेपाल ल्याउने काम भयो । अनमिनले नेपालको शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनुको साटो माओवादी पक्षका अराजक क्रियाकलापमा सहयोग गरेपछि विवादमा मुछियो । हाम्रो पार्टीले अनमिनलाई फिर्ता पठाउन निरन्तर आवाज उठायो । अन्तत: गतसाल स्वयं सरकारले नै निर्णय गरेर अनमिनलाई फिर्ता पठायो । त्यति बेलाको राष्ट्रघाती निर्णयले गर्दा ६ महिनाका लागि नेपाल आएको अनमिन ६ पटकसम्म म्याद थपेर करिब ५ वर्ष बस्यो ।

तात्कालिन जनमोर्चा, नेपालका नेताहरूका कारणले गर्दा ने.क.पा.(एकताकेन्द्र-मसाल)लाई सात दलीय संयुक्त संघर्ष समितिमा सामेल हुन दिइएन । एकताकेन्द्र-मसालको नेतृत्व महामन्त्री कामरेड मोहनविक्रम सिंहले गर्नुभएको थियो । पार्टीभित्र गम्भीर विवाद र अन्तरसंघर्ष बढिरहेको थियो । पार्टीभित्रको अन्तरसंघर्षले गर्दा संयुक्त जनमोर्चा पक्षले एकताकेन्द्र-मसाललाई त्यो संयुक्त संघर्ष समितिमा सामेल हुन नदिन जोडदिए । पार्टीले सात दलीय संघर्ष समितिमा सामेल हुनका लागि दुईपटकसम्म पत्र पठाएको थियो । तर संयुक्त जनमोर्चा पक्षको षड्यन्त्रले गर्दा संघर्ष समितिका अन्य दलहरू पनि एकताकेन्द्र-मसाललाई सामेल गर्न तयार भएनन् । तर नेपाल कम्युनिस्ट पार्टी (एकताकेन्द्र-मसाल)ले आफ्नो पार्टीका तात्कालिन केन्द्रीय प्रतिनिधि का. चित्रबहादुर के.सी.को नेतृत्वमा केन्द्रीय संयुक्त संघर्ष समिति गठन गरी एकल वा संयुक्त भएर आन्दोलन गर्ने नीति अनुसार प्रतिगमन तथा निरंकुश राजतन्त्र विरूद्धको संघर्ष निरन्तर जारी राखेको थियो । त्यो केन्द्रीय संयुक्त संघर्ष समितिमा सांगठनिक रूपमा विभिन्न

जनवर्गीय संगठनहरू सहित एकताकेन्द्र-मसाल र जनमोर्चा, नेपाल समेत सामेल थिए। के.सं.स.सं.ले ०६२ फागुन १९ देखि चैत्र २४ गतेसम्म देशव्यापी प्रतिगमन तथा निरंकुश राजतन्त्र विरूद्ध संघर्षको आव्हान गरेको थियो। त्यो संघर्षको क्रममा केन्द्रीय संयुक्त संघर्ष समितिले मेची-महाकाली अभियान संचालन गरेको थियो। चैत्र २४ गते बुटवलमा सो कार्यक्रमको समापन भयो। त्यसका साथै के.सं.स.स.ले हाम्रो पार्टी सहितका सातदल र माओवादीद्वारा सञ्चालित आन्दोलनलाई पनि समर्थन र सहयोग गऱ्यो। १९ दिने जनआन्दोलनले राजतन्त्रको अन्त गरे पछि बन्ने नयाँ सरकारमा जाने विषयमा पनि जनमोर्चा, नेपालभित्र विवाद शुरू भयो। संयुक्त सरकारमा जाने वा नजाने भन्ने प्रश्न कार्यनीतिक प्रश्न हो। हामीले तत्कालिक परिस्थितिको मूल्यांकन गरेर त्यस बेला सरकारमा जान नहुने निष्कर्ष निकाल्यौं। बैठकमा उपस्थित ४६ सदस्यीय केन्द्रीय समितिका सदस्यहरूमा १३ जना सरकारमा जान नहुने पक्षमा, ९ जनाले सरकारमा जाने तर राष्ट्रिय भेलाद्वारा निर्णय गरेर जाने पक्षमा र २४ जनाले सरकारमा जाने पक्षमा निर्णय गरे। जनमोर्चा, नेपालको त्यो नै अन्तिम बैठक बन्न पुग्यो। त्यो बैठकपछि बहुमत पक्षले गुटबन्दी शुरू गऱ्यो। उनीहरू आफ्नो समुहका व्यक्तिहरूलाई लिएर अलग्गै बैठक बस्ने र निर्णय गर्ने गरेर पार्टीमा फुटपरस्त गतिविधि शुरू गरे। २४ जना र ९ जनाको गुटले हाम्रो नेतृत्व पंक्तिका साथीहरूलाई अनिश्चितकालिन निष्कासन गरेका थिए। जनमोर्चा, नेपालको संयुक्त जनमोर्चा पक्षको कार्यविधिप्रति असन्तुष्ट हुँदै ९ सदस्यीय गुटले पनि पहिले जनमोर्चा, नेपालको बेग्लै संगठन र पछि गएर ने.क.पा. (एकीकृत) नामको संगठन बनायो। उनीहरू पार्टीलाई फुटाएर अलग संगठन बनाएपछि हामीले ०६३ जेष्ठमा राष्ट्रिय भेला गरी जनमोर्चा, नेपालको केन्द्रीय समिति निर्माण गऱ्यौं। तर जनमोर्चा, नेपालका नाममा तीनवटा संगठन क्रियाशील देखिएको हुनाले पहिले कै संगठन राष्ट्रिय जनमोर्चाको पुन:स्थापना गऱ्यौं। गतसाल पार्टीभित्र डिलाराम आचार्यसमेतले पार्टी भित्र अनुशासनविहीन कार्य गरेकोमा पार्टीले डिलाराम समेत तीनजनालाई अनिश्चितकालका लागि निष्कासन गऱ्यो। पार्टीभित्र अवसरवादी व्यक्तिहरू पैदा हुने यो निरन्तर प्रक्रिया हो। हाम्रो जस्तो देशमा निम्नपूँजीपति वर्गबाट आएका कार्यकर्ताहरूको सन्दर्भमा निम्न पूँजीवादी चिन्तन हुनु स्वभाविक बन्न जान्छ। त्यसकारण आगामी दिनमा निम्न पूँजीवादी चिन्तनका विरूद्ध सैद्धान्तिक संघर्षलाई निरन्तर चलाइराख्नु पर्ने हुन्छ। तब मात्र पटक पटक पार्टीभित्र देखापर्ने अवसरवादी हमलाबाट पार्टीलाई बचाउन सफल हुनेछौं।

यसरी बारम्बार पार्टीभित्र अवसरवादीहरू पैदा हुने गरेको र पार्टीलाई एक वा अर्को अवसरवादी पंक्तिमा लैजान प्रयास गरेको तथा त्यसका विरूद्ध सच्चा क्रान्तिकारीहरूले संघर्ष गरेर पार्टीको क्रान्तिकारी चरित्रलाई बचाउन सफल भएको इतिहास धेरै लामो छ। अवसरवादसित सम्झौता गरेको भए पार्टी आज यो स्थितिमा क्रान्तिकारी चरित्र टिकाउन सक्ने थिएन। राजमोलाई समाप्त पार्न देशी विदेशी प्रतिक्रियावादी तथा अवसरवादी शक्तिहरूले लगातार प्रयत्न गर्दै आएका छन्। त्यसका लागि उनीहरू सैद्धान्तिकरूपले पराजित गरेर समाप्त पार्न नसक्ने भएपछि पार्टी भित्रका अवसरवादी तत्वहरूलाई प्रयोग गरेर पार्टीमा फूट पार्ने प्रयत्न गर्दै आएका छन्।

**संघीयताको विरोध** :

हाम्रो देश लामो समयदेखि एकात्मक राज्यको रूपमा रहँदै आएको छ। देशमा १०३ जति जातिहरू भए पनि कुनै जाति बहुमतमा छैनन्। सबै जात जाति मिलेर बनेको मिश्रित समाजलाई संघीयतामा लैजादा आपसी जातीय द्वन्द्व सिर्जना हुने र त्यसबाट देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डतामाथि आँच पुग्ने हुन्छ। त्यसरी राष्ट्रको अस्तित्व नै समाप्त हुने अवस्था उत्पन्न हुनेछ। अर्को पक्ष यो छ कि प्राकृतिक स्रोतको धनि भए पनि नेपाल आर्थिक रूपले विपन्न मुलुक हो। भौगोलिक हिसाबले तराई जति सुगम छ र विकासको सम्भावना मौजुद छ, त्यति पहाडी र हिमाली क्षेत्र सुगम छैनन्। संघीय राज्य भयो भने भौतिक पूर्वाधार नभएका ती क्षेत्रहरू झन पछि झन् कंगालीकरण तर्फ लाग्ने अवस्था आउनेछ। अहिले एउटा सरकार पनि विदेशी सहयोग विना चल्न नसकिरहेको अवस्थामा संघीयतामा गएपछि १४/१५ वटा राज्य सरकारलाई संचालन गर्न त्यो राज्यको श्रोत साधनले धान्न सक्दैन। यी तमाम कारणले गर्दा हाम्रो देशमा संघीयता उपयुक्त नभएको हुनाले त्यसका विरूद्ध राजमोले संविधानसभा निर्वाचनदेखि नै लगातार संघर्षमा जोड दिँदै आएको छ। ०६५ जेठ १५ गते संविधानसभामा प्रस्तुत संघीय लोकतान्त्रिक गणतन्त्रको प्रस्तावको सन्दर्भमा लोकतान्त्रिक गणतन्त्रलाई समर्थन गर्दै पार्टीले संघीयताको विरोध गऱ्यो। त्यसपछि संविधानसभा तथा व्यवस्थापिका संसद दुवैमा संघीयताका विरूद्ध आवाज उठाउने काम भैरहेको छ। “गणतन्त्रलाई सुदृढ गरौं, राष्ट्रियताको रक्षा गरौं ! संघीयताको विरोध गरौं !” भन्ने नाराका साथ राजमोले संघीयताका विरूद्ध देशव्यापी रूपमा संघर्षका कार्यक्रमहरू गर्दै आएको छ। सभा, गोष्ठी, अन्तरक्रिया, जुलुश, पर्चा, पोष्टरिङ भित्ते लेखन आदि कार्य देशव्यापीरूपमा भइरहेको छ। तर ०६५ र ०६६ सालमा राजमोले बृहत आन्दोलनको कार्यक्रमको आयोजना गऱ्यो। जसलाई जनताले अभूतपूर्व ढंगले समर्थन गरे। प्रथम चरणमा ०६५ अश्विन १२ गते नेपालबन्द शानदार रूपले सफल भयो। दोस्रो चरणको आन्दोलनमा ०६६ बैशाख ५-१५ गतेसम्म १० दिने काठमाडौं केन्द्रित आन्दोलन सफल भयो। ०६६ भाद्र १६ गते तेस्रो चरणको आन्दोलनको घोषणा भयो। त्यो कार्यक्रम अन्तरगत सभा, ज्ञापनपत्र, मसाल जुलुससहित क्षेत्रीय बन्दहरू पनि जनताको उत्साहजनक समर्थन सहित शानदाररूपमा सफल भए। क्षेत्रीय बन्दको कार्यक्रम अनुसार ०६५ पौष १२ गते गण्डकी-धौलागिरी, पौष १४ गते भेरी-कर्णाली, पौष २१ गते सेती-महाकाली, पौष २२ गते नारायणी, पौष २६ गते काठमाडौं उपत्यका, पौष २९ गते पूर्वाञ्चल र माघ ६ गते राप्ती-लुम्बिनी बन्द गरिएको थियो। उपत्यका बन्दका दिन माओवादी सम्बद्ध नेवा: जातीय संगठनका व्यक्तिहरूले हाम्रा कार्यकर्तामाथि सांघातिक हमला गरेका थिए। त्यस अवसरमा

सूर्यबहादुर नेपालीको नाकमा छुरी प्रहार गरी गम्भीर चोट पुऱ्याए। माओवादीले राजमोलाई तालिवानीलाई जस्तै प्रतिबन्ध लगाउनु पर्छ भन्ने अभिव्यक्ति प्रकट गऱ्यो। माओवादीको उक्त फासिष्ट प्रकारको कार्यको सबै तिर विरोध भयो। पूर्वाञ्चलमा जातिवादी संगठनहरूले धरानको राजमो कार्यालय नै तोडफोड गरे। उदयपुरमा पार्टीको झण्डा जलाउने र कार्यालयमा आक्रमण गरे। ०६६ साल माघमा सिन्धुपाल्चोकमा संघीयताको विरोध गरेका कारण माओवादी सम्बद्ध जातीय संगठनहरूले रक्तिमका कलाकारमाथि हमला गरे। त्यो आक्रमणमा प्रेम याङ्जो, भरत श्रेष्ठ, पूर्व गाविस अध्यक्ष सम्लित योञ्जन लगायतका व्यक्तिहरू गम्भीर घाइते भए। देशका विभिन्न भागहरूमा संघीयताको विरोध गरेका कारणले हाम्रा कार्यकर्ता माथि आक्रमण गरिरहेका छन्। तर के कुरा सत्य हो भने जातिवादीहरूको आक्रमणले संघीयता विरोधी आन्दोलन रोकिएन र रोकिने छैन। लाखौंलाख जनता संघीयताका विरूद्ध छन् त्यसैले संघीयता यो देशमा जर्वजस्ती लादेपनि टिक्ने अवस्था छैन।

संविधान निर्माणको सन्दर्भमा हाम्रो पार्टीले संविधानको अवधारणा संविधानसभामा प्रस्तुत गरेको छ। ०६५ माघ २८ गते राजमोको संविधान सम्बन्धी अवधारणा पत्र सार्वजनिक भयो। त्यो अवधारणा पत्रमा राजमोले प्रशासनिक इकाईको रूपमा ७ वटा प्रदेश तथा राज्यका चार तह केन्द्र, प्रदेश, जिल्ला र नगर वा गाउँको खाका प्रस्तुत गरेको छ। देशमा प्रजातान्त्रिक विकेन्द्रीकरण तथा स्थानीय स्वायत्तशासन सहितको एकात्मक शासन प्रणाली कायम गर्न पार्टीले जोड दिएको छ। त्यो अवधारणा पत्र राजमोले अगाडि ल्याएपछि नेपालको बौद्धिक समुदाय लगायत आम जनता संघीयताका विरूद्ध कुनै न कुनै रूपमा जागेका छन्। यसै सन्दर्भमा पार्टीको पहलमा ०६६ साल चैत्र ४ गते संघीयताविरूद्ध राष्ट्रिय अधिवेशन नेपाल प्रज्ञा प्रतिष्ठानमा सम्पन्न भयो। त्यो अधिवेशनले संघीयताविरूद्ध घोषणापत्र जारी गऱ्यो। ०६६ मंसीर १३ र १४ गते बसेको राजमो केन्द्रीय समितिको बैठकले ०६६ फागुन ५ देखि २० गतेसम्म देशव्यापी रूपमा जिल्ला समितिहरूले जनमार्चको आयोजना गर्ने निर्णय गऱ्यो। त्यो निर्णयको आधारमा जिल्लाहरूले गाउँ-गाउँमा जनमार्चको आयोजना गरे। जनमार्चबाट गाउँस्तरसम्म संघीयताको विरूद्ध चेतना जगाउने काम भएको छ।

संघीयताका विरूद्ध ०६७ पौष १० देखि माघ १० गतेसम्म चारवटा टोली निर्माण गरी देशका सबैजसो जिल्लाहरूमा राष्ट्रिय जनअभियान संचालन भयो। "गणतन्त्र, शान्ति र राष्ट्रियताको पक्षमा तथा संघीयताका विरूद्धमा राष्ट्रिय जनअभियान" भन्ने मूल नारासहित संचालित सो जनअभियान पूर्व झापादेखि पश्चिम कंचनपुरसम्म ४५ वटा जिल्लाहरूमा पुगेर संघीयताका विरूद्ध जनतालाई सचेत पार्ने काम गऱ्यो। जनअभियानका दौरानमा पूर्वमा विर्तामोड, दमक, इटहरी, धरान तथा तेह्रथुमको म्याग्लुङमा जातिवादी संगठनहरूले हाम्रा कार्यक्रमहरूमाथि हमला गरे। सभासद् मीना पुन, उपाध्यक्ष विरबहादुर गोले, केन्द्रीय सदस्य सुरेन्द्र भण्डारी, जनजाति सम्मेलनका महासचिव रामबहादुर बुढा, युवक संघका अध्यक्ष काँशीनाथ पोखेल, नवराज ढुंगाना, विशाल पहाडी लगायतका नेता तथा कार्यकर्ताहरूमाथि सांघातिक हमला गर्ने काम भयो। त्यो हमलाको सामना गर्दै पूर्वाञ्चलमा जनअभियानका निर्धारित कार्यक्रमहरू व्यापक जनसमर्थन सहित सम्पन्न भए। त्यसैगरी दोस्रो टोलिमाथि पनि वीरगञ्जको कार्यक्रममा फोरमका कार्यकर्ताहरूले हमला गरी मंच तोडफोड गरे। त्यसका बावजुद पनि कार्यक्रम सफल भयो। उदयपुरमा माओवादी सभासद्को निर्देशनमा हाम्रो निर्धारित कार्यक्रमलाई बिथोल्न माओवादीहरूले जुलुस प्रदर्शन गरेर अवरोध खडा गर्न खोजेता पनि हाम्रो टोलीले व्यापक जनताको उपस्थिति बीच कार्यक्रम सम्पन्न गऱ्यो। जातिवादी तथा क्षेत्रीयतावादी संगठनहरूले हाम्रो कार्यक्रम विथोल्न दुस्साहस गरे पनि जनताको अपार समर्थनले गर्दा राष्ट्रिय जनअभियान पूर्ण सफल भएको छ। पूर्वमा भएको हमलाबाट माओवादी तथा अन्य जातिवादी तथा क्षेत्रीयतावादी संगठनहरूले अन्य समूदाय वा राजनीतिक पार्टीहरूमाथि जातिवादी अधिनायकवाद लाद्न चाहन्छन् भन्ने कुरा प्रष्ट भएको छ। जातिवादी संगठनले नेपाल बहुराष्ट्रिय राज्य भएको हुँदा राष्ट्रहरूको बेग्लाबेग्लै संघीय प्रदेश हुनुपर्नेमा जोड दिइरहेका छन्। तर त्यो कुरा वास्तविकतासित मेल खादैन। नेपालमा १०३ जात जातिहरू मध्ये कतिपय जनजातिहरू छन्। ती राष्ट्र (Nation) होइनन्, जनजाति (Ethnics Groups) हुन्। प्रस्तावित हरेक संघीय प्रदेशमा पचास प्रतिशतभन्दा कम जनसंख्या रहेको Ethnics Groups का लागि संघीय प्रदेशको कुरा गर्नु आफैमा नमिल्दो कुरा हो। अल्पसंख्यक जातिले बहुसंख्यक जाति माथि शासन गर्ने पद्दति पनि आफैमा प्रजातान्त्रिक हुन सक्दैन।

**राष्ट्रियताको रक्षाको प्रश्न** :

हाम्रो देश अहिले पनि अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा छ। त्यसले गर्दा राष्ट्रियता र प्रजातन्त्रको लागि गरिने संघर्षलाई एक अर्काबाट अलग गर्न मिल्दैन। राष्ट्रियताको लडाई लड्दा प्रजातन्त्रलाई उपेक्षा गर्ने र प्रजातन्त्रको लागि लडाई लड्दा राष्ट्रियताको उपेक्षा गर्ने प्रवृत्तिले न त देशमा साँचो अर्थमा गणतन्त्रको स्थापना हुन सक्छ न राष्ट्रियताको रक्षा। आज नेपाली जनता गणतन्त्रको स्थापना गर्न सफल भएका छन्। तर राष्ट्रियताको लडाई कमजोर भएको छ। त्यसैले गर्दा विदेशी शक्तिहरूको चलखेलमा झन् पछि झन् वृद्धि भएको छ। नेपालको आन्तरिक मामिलामा समेत भारतीय विस्तारवादले हस्तक्षेप गर्ने गरेको छ। भारतीय विस्तारवादले गणतन्त्रलाई समर्थन गर्ने नाममा आफ्नो विस्तारवादी प्रभूत्व लाद्न चाहेको छ। उसले एकातिर सीमा अतिक्रमण, सीमावर्ती क्षेत्रमा अवैध बाँध निर्माण, कालापानीमा सेना तैनाथ, पञ्चेश्वर, अपर कर्णाली, नौमुरे जस्ता नदीनालाहरूको सम्झौता लगायतको माध्यमबाट हाम्रो प्राकृतिक श्रोत माथि प्रभुत्व कायम गर्दैछ। अर्कातिर १९५० को असमान सन्धि, १९६५ को गोप्य सैनिक सन्धि, असमान व्यापार तथा पारवहन सन्धि लगायतका व्यापारिक सन्धिहरूको माध्यमबाट आर्थिक, राजनीतिक तथा

सामरिक क्षेत्रमा पनि दखल गर्दै आएको छ र हालै सुपुदर्गी सन्धि, हवाई सेवामा आफ्नो एअर मार्शलको व्यवस्था, दुतावासमा आफ्नो सुरक्षा व्यवस्थाका लागि दवाव दिइरहेको छ । ०६३ सालमा ने.का., एमाले तथा माओवादीहरूलाई दवाव दिएर राष्ट्रघाती नागरिकता विधेयक पारित गराएको थियो । त्यसपछि हाल आएर गैरनेपालीलाई पनि मतदाता परिचयपत्र वितरण गरी नेपालमा भारतीय नागरिकहरूलाई नेपाली नागरिक बनाउने भारतीय डिजाइन अनुरूप नागरिकता प्रमाणपत्र बाहेक पनि विभिन्न संघ संस्था तथा वार्डको सिफारिसको आधारमा मतदाता परिचयपत्र बनाउन निर्वाचन आयोगले ठूला दलहरूको सहमतिमा काम प्रारम्भ गऱ्यो । तर सर्वोच्च अदालतले नागरिकता प्रमाणपत्र बाहेककालाई मतदाता परिचयपत्र दिन नहुने भनेर फैसला गऱ्यो । भारतीय विस्तारवादले नेपाललाई सकेसम्म सिक्किमिकरण नसके भुटानीकरण वा फिजीकरण गर्ने दिशामा योजनाबद्ध किसिमले पाइला सारिरहेको छ । गणतन्त्रलाई संस्थागत गर्ने हाम्रो संघर्षको साथ साथै राष्ट्रियताको रक्षाको संघर्षलाई पनि हामी त्यत्तिकै अगाडि बढाउनुपर्ने आवश्यकता छ ।

**संविधानसभाभित्र सभासद्हरूको भूमिका :**

हाम्रो पार्टीका चार जना सभासद्हरू संविधानसभामा हुनुहुन्छ । संविधानसभामा अहिले गर्नुपर्ने मुख्य काम भनेको संविधान निर्माण नै हो । संविधान निर्माणका सन्दर्भमा संविधानसभाभित्र रहेका एघार वटा समितिहरू मध्ये राज्य पुनर्सरचना तथा राज्य शक्तिको बाँडफाँड समिति, राष्ट्रिय हित संरक्षण समिति, संवैधानिक निकायको संरचना निर्धारण समिति तथा संवैधानिक समितिमा रहेर चार जना सभासद्हरूले आफ्नो भूमिका निर्वाह गरिरहनु भएको छ । अन्य समितिको काम समाप्त भएको छ, तर संवैधानिक समितिको काम अझै सकिएको छैन । त्यसको जिम्मेवारी संविधानको मस्यौदा निर्माण गर्नु हो । उक्त समितिहरूमा रहेर पार्टीको नीति र निर्णयका आधारमा संविधानलाई बढि भन्दा बढि गणतान्त्रिक र जनपक्षीय बनाउने दिशामा सभासद्हरूको भूमिका सन्तोषजनक रहेको छ । त्यसका साथै हाम्रा सभासद्हरू नबसेका अन्य समितिका प्रतिवेदनहरूमा उठेका सवालहरूमा पनि सभासद्हरूले आफ्ना असहमतिहरू दर्ता गराउने काम भएको छ । विशेषत: राज्य पुनर्सरचना तथा राज्य शक्तिको बाँडफाँड समिति भित्र संघीयता, जातीय राज्य, आत्मनिर्णयको अधिकार, प्रादेशिक जातीय अग्राधिकार, एक मधेश स्वायत्त प्रदेश, बहुराष्ट्रवाद आदिका विरूद्ध तीव्र संघर्ष चलिरहेको छ । सबभन्दा बढी असहमतिहरू राज्यको पुनर्संरचना सम्बन्धी समितिको प्रतिवेदनमा रहेको छ । नेपालमा उपरोक्त अवधारणालाई संविधानमा सुनिश्चित गरिन्छ भने देश जातीय द्वन्द्वमा फस्ने र राष्ट्रको अस्तित्व नै समाप्त हुने कुरा हामीले बताउँदै आएका छौं । अन्धजातिवादी तथा अन्धजातिवादी तथा अन्धक्षेत्रीयतावादीहरूले अहिले जुन गतिविधि गरेका छन्, त्यसबाट पनि देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डतामाथि आघात पुग्ने अवस्था उत्पन्न भएको छ ।

देशमा लामो समयदेखि सामन्ती र केन्द्रीकृत एकात्मक व्यवस्था रहँदै आएको छ । त्यस अन्तर्गत मजदुर, किसान, महिला आदिको शोषण उत्पीडन हुँदै जानुका साथै विभिन्न जात जाति, जनजाति वा पिछडिएका क्षेत्रहरूमाथि पनि शोषण उत्पीडन र भेदभाव हुँदै आएको छ । त्यसकारण त्यसप्रकारका सबै शोषण उत्पीडन र भेदभावको अन्त्यका लागि हाम्रो पार्टीले विद्यमान सामन्ती केन्द्रीकृत एकात्मक प्रणालीको अन्तमा जोड दिन्छ । तर त्यसको विकल्प संघीयता होइन, प्रजातान्त्रिक विकेन्द्रीयता र स्थानीय स्वायत्त शासनसहित एकात्मक शासन व्यवस्था हो । त्यस्तै स्थानीय स्तरमा बहुसंख्यक आवादी भएको पिछडिएका मानव विकास सूचाकांकका आधारमा सूचिकृत विभिन्न जातजातिको बसोबास भएको क्षेत्रलाई जातीय स्वशासन दिनुपर्ने, दलितहरूको राष्ट्रिय परिषद् गठन हुनु पर्ने, उनीहरूलाई विशेषाधिकारको व्यवस्था गरिनुपर्ने आदि अवधारणा प्रस्तुत गरिएको छ ।

न्यायप्रणाली सम्बन्धमा संवैधानिक सर्वोच्चता, विधिको शासन र मौलिक हकको संरक्षण गर्न संवैधानिक अंगको रूपमा स्वतन्त्र, सक्षम, निष्पक्ष र जनउत्तरदायी न्यायप्रणाली हुनु पर्नेमा जोड दिएका छौं । देशलाई संघीयतामा लैजाने आधारमा संवैधानिक अदालतको व्यवस्था गरिनु पर्ने कुरा उठेको छ । हाम्रो पार्टीले त्यसको विरोध गर्दै आएको छ । एउटा मात्र सर्वोच्च अदालतको व्यवस्था उपयुक्त हुने अवधारणा हाम्रो पार्टीले राख्दै आएको छ ।

राष्ट्रियहीत संरक्षण सम्बन्धी विषयमा १८ वर्ष पुगेका युवालाई अनिवार्य सैनिक तालिम दिने, मन्त्रीपरिषद्ले प्रधानसेनापतिलाई पदमुक्ति गर्न सक्ने, सामान्य बहुमतबाट जलश्रोत सम्बन्धी सन्धि गर्न सकिने आदि उठेका विषयमा हाम्रो असहमति रहेको छ ।

त्यस्तै गरी अन्य प्रतिवेदनहरूमा रहेको अंगीकृत नागरिकता सम्बन्धी प्रावधान, भूमिसुधार गर्दा क्षतिपूर्तिको प्रावधान, राष्ट्रपतीय प्रणाली आदि विषयमा हाम्रो असहमति रहँदै आएको छ । त्यसका साथै विदेशमा रहने नेपालीहरूलाई संविधानसभा निर्वाचनमा सहभागि गराउने हाम्रो जोड रहँदै आएको थियो । अहिले हामीले प्रस्तुत गरेको असहमतीहरूमा प्रवासी नेपालीलाई संसदीय निर्वाचनहरूमा मताधिकार तथा उम्मेदवार खडा हुन पाउने अधिकार समेत संविधानमा सुनिश्चित गरिनुपर्दछ भन्ने रहेको छ । युगौं देखि सामन्तवादको शोषण दमनमा परी अधिकारविहीन हुँदै आएका देशका मजदुर, किसान, महिला, दलित, जनजाति, बाल-बालिका, युवा, विद्यार्थी, शिक्षक, व्यापारी, मुस्लिम, मधेशी, अपांग, अल्पसंख्यक समुदाय, सीमान्तकृत तथा पिछडिएका जाति लगायतका समुदायको लागि नयाँ संविधानमा मौलिक अधिकार सुनिश्चित गर्न तथा संविधानलाई अहिलको अवस्थमा बढि भन्दा बढि प्रजातान्त्रिक तथा जनपक्षीय प्रकारको बनाउनका लागि संविधानसभामा सभासदहरूको भूमिका अझै सशक्त हुनु आवश्यक छ ।

## अन्य राजनीतिक दलप्रतिको नीति

देशको राजनीतिमा राष्ट्रिय जनमोर्चाको एउटा बेग्लै पहिचान रहेको छ। हाम्रो पार्टीका हरेक निर्णयहरू विना कुनै पूर्वाग्रह ठोस परिस्थितिको ठोस विश्लेषण गर्ने एउटा वैज्ञानिक सिद्धान्तका आधारमा गरिन्छ। ०६२/६३ को आन्दोलनभन्दा अगाडि माओवादीले "वाम"मोर्चाको गठनमा जोड दिएका थिए। तर हामीले संयुक्त मोर्चाको सवालमा "वाम"मोर्चा होइन, अन्य राजनीतिक शक्तिहरूसित मिलेर प्रतिगमन विरोधी आन्दोलन गर्ने कुरामा जोड दिएका थियौं। ०६२/६३ को आन्दोलनको सफलताका पछाडि सबै राजनीतिक शक्तिहरूको एकता निर्णायक कारण बनेको थियो। नेपालको राजतन्त्रलाई परास्त गर्न सबै दलको एकता आवश्यक थियो। आन्दोलन पछि हामीले अहिले पनि आन्दोलनरत पक्षहरूको सहमति र एकतामा जोड दिइरहेका छौं। देशका ठूला राजनीतिक दलहरूले सहमति र सहकार्यका कुरा गरे पनि व्यवहारमा सहमतीय आधारमा काम गरेका छैनन्। त्यसैको परिणामस्वरूप अहिले संविधान निर्माण, शान्ति स्थापना तथा सरकार निर्माणमा समेत देशले अवरोध भोगिरहेको छ। हाम्रो पार्टीले अन्य राजनीतिक शक्तिहरू जोसित जुन मुद्दामा समान धारणा पाइन्छ, उनीहरूसित मिलेर त्यो मुद्दामा संघर्ष अगाडि बढाउँदै आएको छ। यस सन्दर्भमा चौध दलहरूमा रहेर राष्ट्रियता, विशेषत: नागरिकताको मुद्दामा संघर्षका लागि बैठकहरू बसेर आफ्नो निर्णयहरू सार्वजनिक गर्दै आएको छ। यतिबेला पार्टीको तात्कालिक उद्देश्य राजतन्त्र विरूद्ध ०६२-६३ का जनआन्दोलनका सहभागि शक्तिहरूसितको एकता र सहमतिबाट गणतन्त्रलाई सुदृढीकरण गर्नु हो। कतिपय दलहरू अहिले पनि "वाम" ध्रुवीकरणमा जोड दिएको पाइन्छ। हामीले त्यसलाई तत्काल गलत मानेका छौं। यस सन्दर्भमा हामीले राजावादी, मधेशवादी तथा माओवादीसित द्विपक्षीय कार्यगत एकता गर्ने गरेका छैनौं। बहुपक्षीय  रूपमा कार्यगत एकता भएमा त्यसमा रहेर काम गर्ने नीति रहेको छ।

**संगठनसम्बन्धी कार्य** :

हाम्रो पार्टीले लिएको तात्कालिक नीतिहरू परिणाममा सही सावित हुँदै आएका छन्। त्यसैको कारणले नै हाम्रा समर्थकहरूबीच मात्र होइन, विरोधी पार्टीका बीचमा पनि हाम्रा कतिपय नीति स्वीकार्य हुने गरेको छ। यो हाम्रो राजनीतिको सफलता हो। तर त्यो मात्र मुख्य कुरो होइन राजनीति जतिसुकै सही भए पनि संगठनात्मक शैली मिलिटेन्ट र जुझारू भएन भने त्यसको प्रभावकारी नतिजा वा प्रतिफल प्राप्त गर्न सकिदैन। हाम्रा कैयौं निर्णयहरूको कार्यान्वयनमा ढिलाई हुने_गरिन्छ वा कहिले काहीं त कार्यान्वयन मै जाँदैनन्। विशेषत: संगठनका आन्तरिक कामहरू ओझेलमा पर्ने गर्छन्। बाहिर आन्दोलनले जुन मात्रामा प्रभाव पारेको छ, त्यो मात्रामा आन्तरिक संगठनात्मक संयन्त्र बलियो बन्न सकेको छैन। पार्टी एकता हुनु भन्दा अगाडि हाम्रो पार्टी संगठनको सबै क्षेत्रमा खास गरेर अनुशासन, संगठन निर्माण, कार्यकर्ता उत्पादन, पूर्णकालिन कार्यकर्ताको रेखदेख र परिचालन, आर्थिक व्यवस्थापन, कार्यालय, संघर्ष, प्रशिक्षण, प्रकाशन आदिमा हाम्रो राम्रो प्रगति रहेको थियो । पार्टी एकताको कालमा ती कामहरू अवरूद्ध हुन गए। पार्टी भित्र, अराजकता गुटबन्दी, अनुशासनविहीनता बढेर गयो। त्यसको असर लामो समयसम्म रहिरह्यो। अहिले हामी ती सबै क्षेत्रमा सुधार गर्ने प्रयत्न गरिरहेका छौं र केही हदसम्म प्रगति भएको छ। तर जुन रूपमा संगठनलाई व्यवस्थित र अनुशासित बनाउनु पर्ने हो, त्यो रूपमा बनाउन सकिएको छैन। हामीले समयमै शुरू मै त्यस्ता अनुशासनविहीन कार्यलाई नरोक्ने हो भने त्यो बढ्दै जान्छ र अन्तत: पार्टीलाई कमजोर पार्दछ। त्यसकारण उपरोक्त समस्याको निदानका लागि जनवादी केन्द्रियताका आधारभूत सिद्धान्तबारे व्यापक छलफल र प्रशिक्षण दिने र त्यसअनुसार संगठनमा कार्यान्वयन पनि गर्नुपर्दछ। पार्टीभित्र देखिने अराजकता, निश्क्रियता, उदासीनता, अनुशासनहीनता, व्याकवाइटिङ, लूजटक, व्यक्तिवादीता, लगायत सबै प्रकारका गलत प्रवृत्तिलाई सुधार गर्दै अनुशासित पार्टी निर्माणमा सबै पार्टी समिति तथा सदस्यहरूले ध्यान दिनु पर्दछ। हामीले संगठनको विस्तार र त्यसलाई व्यवस्थित बनाउन संगठनात्मक योजना बनाएर संगठनलाई मजबुत बनाउन ध्यान दिनु पर्दछ। त्यसका लागि विशेषत: निम्न कुराहरूमा ध्यान दिनुपर्दछ :

(क) पार्टी नजिकका व्यक्तिहरूलाई पार्टीको सदस्यता वितरण गर्ने र सकेसम्म समितिमा आवद्ध गरी पार्टीको केही न केही जिम्मेवारी दिने गर्नु पर्दछ।

(ख) सबै गाउँ, वडाहरूमा समितिहरू निर्माण गर्नुपर्दछ।

(ग) समितिहरू मार्फत व्यापक सदस्यता वितरणमा ध्यान दिनुपर्दछ।

(घ) उपल्लो समितिहरूले समितिहरूको कामको रिपोर्ट माग्ने, अनुगमन गर्ने गर्नुपर्दछ र तल्ला समितिहरूले माथिल्लो समितिलाई रिपोर्ट बुझाउनु पर्छ।

(ङ) समितिका सदस्यहरूलाई गाउँ वा वडा स्तरमा समेत राजनीतिक प्रशिक्षण चलाई राख्नु पर्दछ।

(च) स्थानीय समितिहरू जनतासित प्रत्यक्ष सरोकार राख्ने हुँदा उनीहरू बढिभन्दा बढि जनताका स्थानीय समस्याहरू हेर्ने, काम गर्ने, कामकाजी प्रकारको समिति बनाउन ध्यान दिनुपर्छ।

(छ) संगठन नभएका जिल्ला, गाउँ वा वडाहरूमा संगठन निर्माणका लागि पहल गर्नुपर्दछ।

(ज) पार्टी कार्यकर्ताहरूले पार्टीको घोषणापत्र तथा विधान, मुखपत्र, साप्ताहिक पत्रिका लगायत सैद्धान्तिक प्रकाशनको अध्ययनको व्यवस्था मिलाउनु पर्छ।

(झ) जिल्ला, गाउँ/नगर, वडामा सम्पर्क कार्यालयको व्यवस्था गर्नुपर्छ।

(ञ) आर्थिक प्रणालीलाई दुरूस्त राख्नुपर्छ ।

(ट) मैत्रीपूर्ण तरिकाले आत्मालोचना तथा आलोचना गर्ने प्रणालीलाई निरन्तरत चलाई राख्नु पर्छ ।

(ठ) स्थानीय निकाय तथा दलिय संयन्त्रहरूमा सामेल भएर जनताको हितका पक्षमा नि:स्वार्थपूर्वक काम गर्नुपर्दछ । स्थानीय विकास सम्बन्धी काममा पार्टीको भूमिकालाई बढाएर लैजानु पर्दछ ।

देशमा हजारौं एन.जी.ओ. तथा आई.एन.जी.ओ. क्रियाशील रहेका छन् । उनीहरू महिला, वालवालिका, दलित, जनजाति, पिछडिएका क्षेत्र, अपाङ, मानवअधिकार, लगायतका क्षेत्रमा काम गरिरहेका छन् । वैचारिक रूपमा वर्गसंघर्षलाई समाप्त पार्ने योजनाका साथ स्थापित यी संस्थाहरू मध्ये कतिपय संस्थाहरू कल्याणकारी कार्य पनि गरेका छन् । सहयोग गर्ने नाममा कतिपय ठूला आई.एन.जी.ओ.हरू देशको राजनीतिलाई_नै साम्राज्यवादी तथा पूँजीवादी स्वार्थ अनुरूप मोड्ने दिशामा क्रियाशील रहेका छन् । नेपाली जनताले आफ्नो संविधान आफै बनाउने अधिकारलाई समेत कुण्ठित पार्न उनीहरू संविधान निर्माणमा समेत प्रभाव पार्ने काम गरिरहेका छन् । हामी उनीहरूका कतिपय सकारात्मक पक्षलाई समर्थन गरे पनि मूलत: गलत उद्देश्यका साथ कार्य गर्ने त्यस प्रकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई विरोध गर्नु पर्दछ ।

**गतकालको सिंहावलोकन** :

विगतमा पार्टीको भूमिकालाई हेर्दा हाम्रा सकारात्मक पक्षहरू रहे तापनि कतिपय कमीकमजोरीहरू पनि रहेका छन् । ती कमीकमजोरीहरूको पहिचान गरी त्यसलाई सुधारेर हामी अगाडि बढ्नु पर्दछ । हाम्रा कमीकमजोरीहरूलाई केही बुंदागत रूपमा प्रस्तुत गर्न प्रयत्न गरिन्छ :

**१. पार्टी एकताको सम्बन्धमा** :

०५९ भाद्रमा संयुक्त जनमोर्चासित हामीले कतिपय मतभेदहरूलाई कायम राखेर पार्टी एकता गरेका थियौं । पार्टी एकता गर्दा सैद्धान्तिक प्रश्नहरूमा छलफल गरेतापनि कार्यनीतिक प्रश्नमा भएका मतभेदहरू सहजै एकतापछि पनि छलफल प्रक्रियाद्वारा टुंगिने आशाका साथ एकता गर्‍यौं । तर त्यसको परिणाम सही आएन । सबभन्दा बढी अन्तर्सघर्षहरू कार्यनीतिक सवालमा नै भयो । त्यसले गर्दा अन्तत: कार्यनीतिक प्रश्नले गर्दा नै पार्टी एकता अगाडि बढ्न सकेन र ०६३ सालमा आएर फुट भयो । संयुक्त जनमोर्चासित एकता गर्नुले ४ वर्षको अन्तरालमा पार्टीलाई ठूलो क्षति पुग्न गयो ।

**२. संविधानसभाको निर्वाचन सम्बन्धमा** :

संविधानसभाको निर्वाचनमा हाम्रा केही कमीकमजोरी रहन गए । सर्वप्रथम त हामीले जित्ने आधार भएका र राजनैतिक प्रचार गर्ने क्षेत्रलाई बेग्ला बेग्लै ढंगले प्रचारात्मक योजना बनाउन पर्थ्यो र जहाँ निर्वाचन जित्ने सम्भावना थियो, त्यहाँ कार्यकर्ताहरूलाई केन्द्रित गर्नु पर्थ्यो । त्यसो गर्न नसक्दा जित्ने आधार हुँदा हुँदै पनि मत सुरक्षित गर्न सकेनौं । दोस्रो कमजोरी यो रह्यो कि हामीले समानुपातिक निर्वाचनको महत्वलाई समयमा नै बुझ्न सकेनौं र त्यसका लागि देशव्यापी रूपमा प्रचारात्मक अभियान संचालन गर्ने कार्यमा हाम्रो कमजोरी रह्यो । यदि समय मै बुझ्न सकेको भए समानुपातिक तर्फका उमेदवारहरूलाई आफ्नो उमेदवारीको प्रचारप्रसारका लागि देशव्यापी खटाउन सकिन्थ्यो । त्यो गर्न नसक्दा समानुपातिक तर्फ कम मत प्राप्त भए ।

**३. जनहितका कार्य** :

विभिन्न वर्ग र पेशाका जनसमुदायका समस्याहरूलाई हामी अनुसन्धान गरी समाधानका लागि प्रयत्न गर्नुपर्ने आवश्यकता छ । विगतमा हामीले किसानहरूले मल, विउ तथा रासायनिक मल नपाएको विषयमा एक दिने संघर्षको कार्यक्रम बनायौं । तर त्यो संघर्ष केही जिल्लामा मात्र सम्पन्न भयो । अधिकांश जिल्लाहरूमा सम्पन्न हुन सकेन । महंगी विरोधी संघर्ष पनि व्यापक रूपमा सम्पन्न हुन सकेन । यी केही उदाहरण मात्र हुन् । आज मजदुर, किसान, दलित, महिला, जनजाति आदि समुदायका साथसाथै विभिन्न पेशागत समुदायहरू, शिक्षक, विद्यार्थी, उद्योगी, व्यापारी, यातायात व्यवसायी, द्वन्द्वपीडित, अपांग लगायत थुप्रै समुदायका समस्याहरू सतहमा आएका छन् । त्यसलाई नेतृत्व गर्ने र आन्दोलनलाई सही दिशा दिने काम पछाडि परेको छ । त्यसप्रकारका आन्दोलनहरू गलत नेतृत्वका कारणले गर्दा उठेर पनि बीचमै असफल हुने गरेका छन् । संगठनको आधार भनेको स्थानीय जनता हुन् । स्थानीय स्तरमा शिक्षा, स्वास्थ्य, वन, बाटो, सिंचाई, कृषि तथा न्यायिक कार्य जस्ता जनतासित जोडिएका कामहरूमा हाम्रो पर्याप्त ध्यान जान सकेको छैन । आगामी दिनमा ती विषयहरूमा हाम्रो ध्यान जानु पर्दछ । स्थानीयस्तरमा पार्टीले खेल्ने भूमिकाले पार्टीलाई जनस्तरमा स्थापित गराउँछ । जनताको बीचमा रहेर जनताका सेवा हुने खालका संयन्त्रहरू निर्माण गरेर पार्टीको राजनीतिक प्रभावलाई बढाउने हाम्रो प्रयत्न हुनुपर्दछ । त्यसका साथै स्थानीय स्तरमा जनताका हितमा रचनात्मक र विकासका कार्यहरूमा पनि पहल गर्नुपर्दछ । त्यसको साथै पर्यटन वा ग्रामीण पर्यटनका विकासका लागि पनि पहल गर्नु पर्दछ । त्यसका लागि नेपालमा व्यापक सम्भावनाहरू छन् । सरकार र जनस्तर दुवै पक्षबाट त्यसका लागि प्रयत्न गरिनु पर्दछ । त्यसले जनताको आर्थिक स्तर उठाउन वा देशको विकासमा धेरै मद्दत पुर्‍याउन सक्दछ । तर त्यसप्रकारका विकास कार्य वा पर्यटनबाट मुख्य लाभ जनसाधारणलाई पुगोस् भन्ने तर्फ पनि हाम्रो ध्यान जानु पर्दछ ।  त्यसका साथै थुप्रै व्यक्तिहरू एकपटक संगठित भई निरन्तर संगठनको सम्पर्कमा नआउने पनि गर्दछन् । त्यस प्रकारका सम्पर्कविहीन भएका व्यक्तिहरू तथा समर्थकहरूलाई कतै न कतै

समितिमा राखेर जिम्मेवारी दिने काममा ध्यान दिनुपर्दछ । विगतमा माथि उल्लेखित कामहरूमा हाम्रो पर्याप्त ध्यान जान सकेको छैन । आगामी दिनमा यी कमजोरीहरू हटाउन ध्यान दिनु पर्दछ ।

**४. आधारभूत वर्गमा पार्टी कार्यको सम्बन्धमा** :

हाम्रो पार्टी मजदुर, गरीब किसान, दलित, जनजाति लगायत शोषित उत्पीडित वर्ग, जो एउटा पार्टीको लागि आवश्यक आधारभूत वर्ग हो, को बीचमा घनिभूत संगठन स्थापित गर्न सकिरहेका छैनौं । तराईमा रहने मधेशी, थारू, अल्पसंख्यक समुदायको रूपमा तराई तथा पहाडमा रहने मुस्लिम समुदाय लगायत तराईका विभिन्न दलित तथा आदिवासी जनजातिहरूलाई संगठित गर्ने काम पछाडि परेको छ । यी आधारभूत वर्गमा पर्ने जातिहरूलाई कतिपय गैरसरकारी संस्थाहरू तथा प्रतिक्रियावादी वर्गले विभिन्न प्रकारले अधिनमा पारेर वैचारिक रूपले वर्गसमन्वयवादी चिन्तन तर्फ धकेलिरहेका छन् । वर्गीय चेतनास्तरको कमीले गर्दा उनीहरूमा वर्ग संघर्षको भावना समाप्त हुने अवस्था उत्पन्न हुने गरेको छ । यो उत्पीडित वर्गमा ठोस योजनासहित पार्टी कार्यलाई अगाडि बढाउनु पर्छ ।

**५. वातावरण संरक्षण**:

विगतमा हामीले वातावरणीय प्रदुषणका विरूद्ध खासै प्रयत्न गरेनौं । हामी स्वस्थ बाँच्नका लागि वातावरणको ठूलो भूमिका छ । मानव जीवन र वातावरणबीच नङ र मासु जस्तो सम्बन्ध छ । मानिस नभए पनि वातावरणीय तत्वहरू रहन सक्छन् । तर वातावरणीय तत्वहरू विना मानव जीवनको अस्तित्वमाथि खतरा उत्पन्न हुनेछ । हामीले एकातिर हरित ग्याँस प्रदुषण उत्सर्जन गर्ने साम्राज्यवादी तथा पूँजीवादी राष्ट्रहरूको ज्यादतीको विरोध गर्नुपर्दछ, अर्कोतिर हाम्रो देशको प्राकृतिक पर्यावरणीय सुन्दरतालाई संरक्षण गर्न र विनास हुनबाट जोगाउन प्रयत्न गर्नुपर्दछ । त्यो दिशामा हाम्रो प्रारम्भिक पहल शुरू भएको छ । गत ०६७ मंसिर १८ गतेलाई विश्वव्यापी वातावरण दिवसको रूपमा कार्यक्रम गर्ने भनेर निर्णय गरे अनुसार हाम्रो पार्टीको तर्फबाट काठमाडौंमा त्यो दिन “वातावरणीय समस्या र मानव जातिको रक्षाको प्रश्न” विषयक विचार गोष्ठी सम्पन्न गरेका छौं । यसप्रकारको गोष्ठीहरू स्थानीयस्तरमा पनि गरेर जनतालाई वातावरण दुषित गर्ने काममा अग्रपंक्तिमा रहेका साम्राज्यवादी शक्तिहरूका विरूद्ध चेतना जगाउने र साम्राज्यवाद विरोधी आन्दोलनसँग जोड्ने काम गर्नु आवश्यक छ । गत केही समयदेखि नेपाललाई कार्वन व्यापार वापत केही रकम दिने काम सुरू भएको छ । त्यो पर्याप्त छैन । प्रदूषण नियन्त्रणमा नेपालले पुऱ्याएको योगदान वापत त्यो रकममा वृद्धि गरिनुपर्छ । आगामी दिनमा जलवायु परिवर्तनको संकट माथि ध्यान दिदै वातावरण संरक्षण बारे आवश्यक पहल गर्ने कुरामा ध्यान दिनु पर्दछ ।

**६. केन्द्रीय प्रशिक्षण केन्द्र** :

कार्यकर्ताहरूलाई राजनीतिक विषयमा प्रशिक्षण भएन भने उनीहरूको सैद्धान्तिक तथा राजनैतिकस्तर माथि उठ्न सक्दैन । त्यसको असर पार्टी कार्यमा सीधै पर्दछ । कार्यकर्ताहरूलाई सक्षम बनाउन सैद्धान्तिकस्तर उठाउनमा पार्टीले ध्यान दिनु पर्दछ । यसै आवश्यकतालाई ध्यान दिएर नै विगत करिब ३ वर्षदेखि केन्द्रीय प्रशिक्षण केन्द्र सञ्चालन गऱ्यौं । प्रशिक्षण केन्द्र स्थापना गरेपछि नौं वटा सेशन संचालन भयो । त्यसमा उच्चस्तरीय समेत  गरेर दुई सय पचहत्तर जति प्रशिक्षार्थीहरूले अध्ययन गरे । प्रशिक्षणमा भाग लिएका प्रशिक्षार्थीहरू मध्येबाट उनीहरूको काम, जिम्मेवारी, अध्ययन आदिका आधरमा मूल्यांकन गरेर छनौट गरेका केही प्रशिक्षार्थीहरूलाई उच्चस्तरीय प्रशिक्षण समेत सञ्चालन गरियो । पार्टी कार्यकर्ताहरूलाई नियमित रूपमा राजनीतिक, सामाजिक, इतिहास, अर्थशास्त्र आदि विषयमा प्रशिक्षण दिने भनेर स्थापना गरेको प्रशिक्षणकेन्द्रमा प्रशिक्षणलाई नियमित सञ्चालन गर्न सकेका छैनौं । सुरूमा जिल्लाहरूबाट धेरै कार्यकर्ताहरू प्रशिक्षणमा आए पनि पछिल्लो समयमा प्रशिक्षार्थीहरूको संख्यामा कमी आयो, आर्थिक समस्या पनि प्रशिक्षणकेन्द्र सञ्चालनका लागि निकै समस्या बनेको छ । यी समस्याहरूको समाधान गर्ने प्रशिक्षण केन्द्रलाई व्यवस्थित ढंगले सञ्चालन गर्न ध्यान दिनु आवश्यक छ ।

**७. मुखपत्र प्रकाशन** :

पार्टीका तात्कालिक गतिविधिहरूलाई मुखपत्र मार्फत आम जनता समक्ष लैजान सकेमा पार्टीको समग्र कार्यबारे जनतालाई जानकारी हुन्छ । अन्यथा पार्टीको बारेमा जनतालाई कम जानकारी हुन्छ । हामीले मुखपत्र प्रकाशनलाई मुख्य काम ठानेर नियमित प्रकाशन गर्नुपर्ने आवश्यकता छ ।

**८. वेभसाइट** :

पार्टीको नाममा वेभसाइट खोलिएको छ । www.rajamo.org नामको उक्त वेभसाइट खोलेर पनि त्यसमा साम्राग्रीहरू राख्ने काम पछाडि परेको छ । आगामी दिनमा वेभसाइटलाई व्यवस्थित गर्न विशेष: ध्यान दिनुपर्छ ।

**९. तात्कालिक कार्य** :

१. शान्ति स्थापना, संविधानको निर्माण र गणतन्त्रलाई संस्थागत गर्न विशेष जोडदिने ।
२. देशको राष्ट्रियता सार्वभौमिकता र अखण्डताको रक्षाका लागि व्यापक एकता कायम गर्दै आन्दोलन संगठित गर्ने प्रयत्न गर्ने ।
३. संघीयता, जातीय राज्य, आत्मनिर्णयको अधिकार, जातीय अग्राधिकार, बहुराष्ट्रवाद, एक मधेश-एक प्रदेश, एक मधेश स्वायत्त प्रदेश जस्ता विखण्डनकारी विचारहरूका विरूद्ध संघर्ष गर्ने ।

४. संघीयता विरूद्ध राष्ट्रिय अभियानको गतिविधिलाई अगाडि बढाउँदै देशव्यापी रूपमा त्यसलाई विस्तार गर्ने ।
५. नागरिकता ऐन २०६३ का राष्ट्रघाती प्रावधानहरू खारेजीका लागि संघर्ष गर्ने तथा गैह्र नेपालीहरूले प्राप्त गरेका नागरिकता प्रमाणपत्र बारे छानवीनका लागि उच्चस्तरीय नागरिकता छानवीन आयोग गठनका लागि जोड दिने ।
६. सीमा अतिक्रमण, सीमावर्ती क्षेत्रमा भारतीय पक्षद्वारा निर्मित अवैध बाँधद्वारा नेपाली भूमि डुवानमा पर्दै आएको सन्दर्भमा ती बाँधहरू हटाउन कुटनीतिक पहल गर्न सरकारलाई दवाव दिने ।
७. जनताका उपभोग्य वस्तुहरूमा भइरहेको मूल्य बृद्धि नियन्त्रण तथा नियमनका लागि सरकारलाई दवाव दिने । पेट्रोलियम पदार्थको कृत्रिम अभाव सिर्जना गर्ने कार्यको विरोध गर्ने ।
८. भारतीय विस्तारवादले नेपाललाई सुपुर्दगी सन्धिका लागि दवाव दिंदै आएकोमा त्यसको विरोध गर्ने ।
९. बालबालिकाको अपहरण तथा बालश्रमका विरूद्ध आवाज उठाउने र बालअधिकारलाई संविधानमा सुनिश्चित गर्न जोड दिने ।
१०. लागू औषध ओसार-पसार गर्नेहरू विरूद्ध कडा कानूनी कारवाहीका लागि जोड दिने ।
११. १९५० लगायत भारतसित गरेका सबै असमान सन्धि सम्झौताहरूको खारेजीका लागि संघर्ष गर्ने ।
१२. मजदुर, किसान, महिला, युवक, विद्यार्थी, शिक्षक, दलित, जनजाति, मुस्लिम, अपाङ्ग, व्यापारी, कर्मचारी लगायत विभिन्न तह र तप्काका जनताका न्योयोचित संघर्षहरूलाई समर्थन तथा ऐक्यवद्धता कायम गर्दै सहयोग गर्ने ।
१३. मानव बेचविखन, तस्करी, घुसखोरी, कालो बजारी, भ्रष्टाचार, महंगी, अराजकता तथा दण्डहीनताको अन्त्यका लागि संघर्ष गर्ने ।
१४. अपरकर्णाली, पंचेश्वर, नौमुरे, पश्चिम सेती लगायतका राष्ट्रिय स्वार्थ विपरीतका परियोजनाहरू खारेज गर्नका लागि संघर्ष गर्ने ।
१५. वैज्ञानिक भूमिसुधार लागु गर्न जोड दिने तथा सुकुम्बासी समस्या, अव्यवस्थित बसोबास, कमैया, हलिया, कमलहरी समस्या समाधानका लागि जोड दिने ।
१६. नेपाल डब्लू.टी.ओ.को सदस्य राष्ट्र हुँदै आएकोमा सदस्यताबाट हट्ने र बहुराष्ट्रिय कम्पनिहरूको लगानीलाई नियन्त्रण गर्न सरकारलाई दवाव दिने ।

अन्तमा सम्पूर्ण प्रतिनिधि, पर्यवेक्षक, दर्शक तथा स्वयंसेवकहरूलाई पुन: हार्दिक अभिवादन गर्न चाहन्छु । धन्यवाद !

## राष्ट्रिय जनमोर्चाको दोस्रो राष्ट्रिय सम्मेलनमा प्रस्तुत र पारित समसामयिक विशेष राष्ट्रिय प्रस्तावहरू

१. निर्धारित समयभित्र संविधान निर्माण गरियोस् ।
२. संघीयता र संघीयतासँग जोडिएर आएको जातीय राज्य, पृथक हुन पाउने अधिकार सहितको आत्मनिर्णयको अधिकार, एक मधेश एक प्रदेश, एक मधेश स्वायत्त प्रदेश तथा जातीय तथा प्रादेशिक अग्राधिकार, बहुराष्ट्र जस्ता घातक अवधारणाहरू खारेज गरियोस् ।
३. नागरिकता कानूनमा भएका राष्ट्रघाती प्रावधानहरू खारेज गरियोस् ।
४. गैर-नेपालीहरूले लिएको नेपाली नागरिकता खारेज गरियोस् ।
५. कञ्चनपुरको बाइसेविचुवामा भारत पक्षले एकलौटी निर्माण गर्न थालेको पर्खालको निर्माण कार्य अविलम्ब रोकियोस् ।
६. कालापानीबाट भारतीय सेना फिर्ता गरियोस् ।
७. १९५० लगायतका असमान सन्धि सम्झौता खारेज गरियोस् ।
८. राष्ट्रहित विपरीतको अपरकर्णाली योजना खारेज गरियोस् ।
९. १९५० को सन्धिअन्तर्गत भारत गएका नेपालीहरूलाई डोमिसियल र एलिजिविलिटीको प्रमाणपत्र लिनुपर्ने प्रावधान खारेज गरियोस् ।
१०. बढ्दो मूल्य वृद्धि नियन्त्रण गरियोस् ।
११. कृषिसँग सम्बन्धित मल, बीउ सस्तो र सर्वसुलभ गराइयोस् ।
१२. कृषकका उत्पादनहरूलाई बिक्री वितरणका लागि आवश्यक व्यवस्था मिलाइयोस् ।
१३. सुदुरपश्चिम र कर्णालीका विकट पहाडी जिल्लाहरूमा देखिएको खाद्यान्न समस्या समाधान गरियोस् ।
१४. शान्ति सुरक्षा कायम गरियोस् ।
१५. कालोबजारी र भ्रष्टाचारीमाथि कारबाही गरियोस् ।
१६. दण्डहीनताको अन्त्य गरियोस् ।
१७. बढ्दो बेरोजगारी समस्या समाधान गरियोस् ।
१८. बाल अपहरण नियन्त्रण गरियोस् ।
१९. जंगल फडानी र तस्करी नियन्त्रण गरियोस् ।
२०. पर्यावरणको रक्षा गरियोस् ।

## राष्ट्रिय जनमोर्चाको दोस्रो राष्ट्रिय सम्मेलनमा प्रस्तुत र पारित समसामयिक विशेष अन्तर्राष्ट्रिय प्रस्तावहरू

१. मध्यपूर्वमा भएका प्रजातान्त्रिक आन्दोलनको समर्थन र ती आन्दोलनहरूलाई आफ्नो उद्देश्यका लागि प्रयोग गर्ने अमेरिकी साम्राज्यवादी नीतिको विरोध गरियोस् ।
२. लिबियामाथि भएका अमेरिकी साम्राज्यवादी लगायतका शक्तिहरूको आक्रमणको विरोध गरियोस् ।
३. लिबियाली जनताले अमेरिकी साम्राज्यवादी विरूद्ध चलाइरहेको राष्ट्रिय मुक्ति आन्दोलनलाई समर्थन गरियोस् ।
४. अफगानिस्तान र इराकी जनताले चलाइरहेको साम्राज्यवाद विरोधी राष्ट्रिय मुक्ति आन्दोलनलाई समर्थन गरियोस् ।
५. उत्तरकोरियामाथि अमेरिकी साम्राज्यवादी युद्ध धम्कीको विरोध गरियोस् ।
६. बर्मामा भएको सैनिक शासनको अन्त्य गरियोस् ।